*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
फोन: ४२५९४६६

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६०
नेपाल सम्बत् ११३७
इस्वी सम्बत् २०१७
बिक्रम सम्बत् २०७३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |



DHARMAKIRTI

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**12th JANUARY 2017**

| वर्ष- ३४ | अङ्क- ९ | मिला पुन्हि | पौष २०७३ |
|---|---|---|---|





फलामबाट निक्लिएको मलले फलामलाई नै नष्ट गरे जस्तै केवल खान पिन गर्ने कार्यमा मात्र चञ्चल भएर हिंड्ने व्यक्तिलाई उसको कर्मले दुर्गतीमा पतन गराउँछ ।

स्त्रीको मल दुश्चरित्र हो । दानको मल कञ्जुसीपना हो । यस लोक र परलोकको मल पाप नै हो ।

पाप कार्य गर्न लाज नमान्ने, काग जस्तै खोसेर खानमा चतुर अरुलाई हित नगर्ने, धूर्त, घमण्डी, र मलीन भई जीविका गर्न सजिलो छ ।

तर लज्जित बनी सधैं पवित्रताको गवेषण गर्ने अजालस्य भई घमण्डीपना हटाई शुद्ध जीविका गर्नु कठिन छ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# कर्म र कर्मफल

हामीले आ-आफ्नो कर्म र त्यसको फल विषयमा जान्न अति आवश्यक छ । तर भगवान् बुद्ध भन्नुहुन्छ,

**"कम्म विसयो अचिन्तियो"**

अर्थात् कर्म र कर्मफल विषयमा चिन्तन मनन गरिरहन सक्ने क्षमता हामी जस्तो मानिसहरूको दिमागमा छैन । कर्म र कर्मफल एक प्राकृतिक नियम हो ।

साधारणतया कर्मफललाई ४ भागमा विभाजन गरी व्याख्या गरिएका छन् ।

**१. दिट्ठधम्म वेदनिय कर्म**

यस जन्ममा हामीले गरेका राम्रा नराम्रा कामका जति पनि फलहरू छन्, ती मध्ये कतिपय फलहरू प्रकृतिको नियम अनुसार यही जन्ममा भोगाउने गरिन्छ । यदि यस जन्ममा यो फल भोगाउने मौका गुमेमा त्यो फल खेर नै जाने हुन्छ । त्यसलाई अर्को जन्ममा भोगाउने दस्तुर छैन । अर्को शब्दमा भन्ने हो भने दिट्ठधम्म वेदनिय कर्मफललाई अर्को जन्ममा भोगाउने दस्तुर छैन ।

उदाहरणको लागि अंगुलिमालले मानिसहरूको १००० वटा औंलाहरू जम्मा पार्नको लागि कैयौं मानिसहरूको हत्या गरे । स्वार्थी गुरुको कुचक्रमा परी उसले उक्त गुरुको लागि गुरु दक्षिणा चढाउनको लागि ती औंलाहरू बटुलेका थिए । गुरुको आदेश पालन गरी मानिसहरूको औंला बटुलिरहेको अंगुलिमालले एकदिन भगवान् बुद्धबाट ठीक ज्ञान बुझ्ने मौका प्राप्त गरी ज्ञानी भए । आफ्नो गलत धारणा र आफ्नो पहिलाको गुरुको गलत आदेशलाई भित्री मनले बुझ्ने क्षमता प्राप्त गरेका अंगुलिमाल आखिरमा सुध्रियो । आखिरमा उ भिक्षु भई अरहन्त (मुक्ति प्राप्त पवित्र व्यक्ति) भयो । अंगुलिमाल बनी मानिसहरूको हत्या गरेको कारणले गर्दा उहाँ मुक्त र पवित्र व्यक्ति सहितको भिक्षु भई भिक्षाटन जानुहुँदा उहाँलाई कसैले पनि भिक्षा दान गरेनन् । पहिला गरेको कुकर्मलाई सम्झेका व्यक्तिहरूले उहाँलाई ढुंगा प्रहार गरेर ल्याउँथ्यो, सराप्थ्यो र अपमानजनक शब्द प्रयोग गरी ढोका थुनेर ल्याउँथ्यो । यसरी उहाँले भिक्षाको बदला रगताम्य भई फर्कनु पर्थ्यो । यो उहाँको दिट्ठधम्म वेदनिय कर्मफल हो ।

**२. उपपज्ज वेदनीय कर्म**

वर्तमान जन्ममा गरेको कर्मको फल (कुशल होस् वा अकुशल) यस जन्म बितेपछि दोश्रो जन्ममा भोगाउने खालको कर्मफल पनि छ । त्यसैले यसरी दोश्रो जन्ममा भोगाउने कर्म फललाई उपपज्ज वेदनीय कर्मफल भनिन्छ । उदाहरणको लागि –

मट्ठ कुण्डली नामक एक बालकले वर्तमान जीवनमा उ विरामी परिरहेको अवस्थामा आफ्ना पिता औषधी उपचारको लागि धन खर्च गर्न कञ्जुस बनी कर्त्तव्यहीन भएको सम्झँदै उसले धेरै नै चित्त दुखाएको थियो ।

उसको बुबाको व्यवहार सम्झँदै उ असन्तोष बनिरहेको थियो । उसको मन अशान्त भइरहेको थियो । त्यही समयमा उसले आफ्नो साम् भगवान बुद्ध आउनु भएको देखी बुद्ध दर्शन पाएको कारणले उसको मन प्रशन्न र शान्त गर्दै प्राणत्याग गरेको थियो । यसरी उसको जन्म सुगतिमय भएको थियो । त्यसरी नै कोकालिक नामक दुष्ट भिक्षुले सारीपुत्र मौद्गल्यायन जस्ता निक्लेशी एवं पवित्र भिक्षुहरूलाई पापीहरू भनी अपशब्द बोली गाली गरेको थियो । निर्दोषी र शुद्ध व्यक्तिहरूलाई आफ्नो स्वार्थको वशमा गई गाली गरेको कारणले उसले अगतिमा जन्म लिनुपरेको थियो । यसरी पहिलाको जन्ममा रोपेको राम्रो नराम्रो कर्मको फल त्यसपछिको अर्को जन्ममा पाउने फललाई उपपज्ज वेदनीय कर्मफल भनिन्छ ।

**३. अपरापरिय वेदनीय कर्म**

आफूले गरेको राम्रो नराम्रो कर्मको फल यही वर्तमान जीवनमा र यस जन्मपछि अर्को जन्ममा पनि होइन त्यसपछिको पनि अर्को धेरै जन्महरूमा मौका पाउने बित्तिकै भोगाइरहने कर्मफललाई अपरापरिय वेदनीय कर्मफल भनिन्छ ।

**४. अहोसी कर्म**

वर्तमान जीवनमा गरेका खराब र असल कार्यका फलहरू यही जन्ममा भोगाउने मौका नमिलेपछि उक्त फलहरू सबै लोप भएर जाने हुन्छ । ती फलहरू फेरि



Downloaded from http://www.dhamma.digital

अर्को जन्ममा भोग्नुपर्ने हुन्छ । यसलाई अहोसी कर्मफल भनिन्छ ।

उदाहरणको लागि अंगुलिमालले धेरै व्यक्तिहरूको हत्या गरेपनि त्यही जन्ममा उसले क्लेश निरोध गरी ज्ञान प्राप्त गर्न सकेको कारणले अर्को जन्म लिन नपर्ने भाग्य प्राप्त गर्न सफल भए । फलस्वरुप हत्या जस्तो जघन्य अपराध गरेका उनले त्यस जन्ममा साधारण घाउचोट मात्र खेप्नु परेपनि त्यो बाहेकको अन्य ठुल्ठुला कर्मविपाकहरू भोग्नु परेन ।

यी कर्म फलहरू मध्ये अर्को गरुक कर्मफल भनेको त्यस्तो कर्मफल हो, जुन कर्मफल भोग्न बाध्य नै हुने एकदम भारी, नराम्रो र त्यस कर्मफललाई कसैले पनि पन्छाउन नसकिने खालको दुखद फल हो ।

**"यादिसं वपते बीजं तादिसं हरते फलं**
**कल्याणकारी कल्याणं पापकारीच पापकं ।"**

भावार्थ– "हामीले जस्तो चित्त अगाडी सारी काम गर्छौं, कुरा गर्छौं र योजना बनाउँछौं, ती सबै हाम्रो कर्मक्षेत्रमा रोपेको बीउहरू हुन् । बीउ जुन प्रवृत्तिको हुन्छ फल पनि त्यही गुणले युक्त हुन्छ । कर्मक्षेत्रमा जुन व्यक्तिले बीउ रोपेको हुन्छ त्यसको फल पनि त्यही व्यक्तिलाई छानी छानी भोगाउने प्रकृतिको नियम हुन्छ । त्यसैले राम्रो चित्तले रोपेको बीउको फलले भाग्यको रुप लिन्छ भने नराम्रो चित्तले रोपेको बीउले दशाको रुप लिन्छ ।"

हामीले कुरा गर्दा, शरीरले कामगर्दा र मनले योजना बनाउँदा समेत आफ्नो र अरूको भलो सोची कार्य गर्नु बुद्धिमानी हुनेछ । किनभने हामीलाई दशा होइन भाग्य मनपर्छ । भाग्य प्रवल व्यक्ति डराउन पर्दैन भने दशा प्रवल व्यक्तिको पाइला पिच्छे भय र दुःखले पछ्याइरहेको हुन्छ । भाग्य बनाउने र दशा बनाउने जिम्मा हामी सबैको आ-आफ्नो हातमा रहेको छ । प्रकृतिको यस नियमलाई हाम्रो भित्री हृदयले बुझ्न सकेमा मात्र हामी स्वतहः इमान्दार, सभ्य र अनुशासित बन्न सक्छौं ।

आजको समयले यस्तै इमान्दार व्यक्तिको चाहना गरिरहेको छ ।

## धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू

*क्र.सं. ८५५*

**मुकुन्द प्रसाद जोशी**
१४९ माथमुन्तेश्वर, कालिमाटी
रु. २०००/–

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) वेती माया शाक्य, पाटनबाट स्व. बुद्धमाया शाक्यको पुण्यस्मृतिमा रु. ५००५/-
२) नारायण लाल नकर्मी, काठमाडौंबाट स्व. धनमाया नकर्मीको पुण्यस्मृतिमा रु. ५०००/-
३) राजेश श्रेष्ठ, शोभा श्रेष्ठ, परिवार, खुसिबुं रु. ४५००/-
४) सुजित शाक्य, शानिका शाक्य परिवार, बनेपा जन्मदिनको उपलक्ष्यमा रु. ४०००/-
५) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. १०००/-
६) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रु. ५००/-
७) राकेश शाक्य, बनेपा रु. ५००/-
८) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
९) बुध्द भक्त रंजित, बनेपा रु. ५००/-
१०) वीद्या साही, चसांद, रु. ५००/-
११) कल्पना शाक्य पाटनबाट रु. २००/-
१२) ज्ञानु माया नकर्मी, टेकु, काठमाडौं रु. ५००/-
१३) शोभा शाक्य पाटनबाट रु. १००/-
१४) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
१५) रिंकु तुलाधर, भोटाहिटीबाट रु. ५००/–

❀ **आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१६) ज्ञान देवी साह परिवार कालिमाटी, टंकेश्वर, काठमाडौं-१३ बाट स्व. बुबा, आमा तथा पतिको पुण्यस्मृतिमा रु. १५,१००/-



Downloaded from http://www.dhamma.digital

# लोकबाट पर कसरी जाने ?

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

प्राचीन समयमा रोहिताश्व नामको एक जना ऋषि थियो । मृत्यु पछि उनी देवलोकमा उत्पन्न भए । भगवान्‌को जीवनकालमा धेरै देवता, ब्रह्मा भगवान्‌संग भेट्न आउँथे र धर्म सम्वन्धी चर्चा परिचर्चा गर्दथे । एक समय भगवान अनाथपिण्डिकको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस समयमा रोहिताश्व देव रातको समय जेतवन विहार प्रज्वलित गर्दै भगवान्‌संग भेट्न आए । उनले भगवान्‌संग प्रश्न गरे कि लोक भन्दा परको त्यस अवस्थासम्म पुग्नको लागि हिँडेर जान सकिन्छ ? जहाँ जन्म पनि छैन, च्युति पनि छैन र उत्पत्ति पनि छैन ।

भगवानले भन्नुभयो– सक्दैन, हिँडेर त्यस अवस्थासम्म पुग्न सकिंदैन । यद्यपि मुक्ति प्राप्तिको लागि त्यस अवस्थासम्म पुग्नु अत्यन्त अनिवार्य छ ।

गमनेन न पत्तब्वो, लोकस्सन्तो कुदाचनं ।

- हिंडेर लोकको अन्त सम्म कहिले पनि पुग्न सकिंदैन ।

**न च अप्पत्वा लोकन्तं, दुक्खा अत्थि पमोचनं ।**

- लोकको अन्तसम्म नपुगे पनि दुःखबाट मुक्त हुन सकिन्छ ।

रोहिताश्व देवता यो सुनेर प्रसन्न भए, किनभने मनुष्य जीवनमा उसले योगबल द्वारा अनेक सिद्धिहरू प्राप्त गरेका थिए र सिद्धिको आधारमा गतिशिल लोकको परसम्म पुग्ने निष्फल प्रयास गर्दा गर्दै सारा जीवन विताएका थिए । भगवानले सम्झाउनु भयो–

यस लामो साढे तीन हातको संज्ञायुक्त शरीरमा लोक समुदय, लोक निरोध र लोक निरोधगामिनी प्रतिपदाको प्रज्ञापित गर्दछु । भगवानले लोकोत्तर अवस्था प्राप्त गर्नु भएको थियो । लोकको परको अवस्था प्राप्त गर्नको लागि सारा लोकको परिपूर्ण ज्ञान हुनु पर्छ अर्थात् परिज्ञान हुनु आवश्यक छ । लौकिक क्षेत्र भन्दा परको अवस्था प्राप्त गर्नको लागि लौकिक परिधिको ज्ञान यथार्थ रूपमा हुनुपर्छ । अनुभूति गरेर यस ज्ञानलाई थाहापाए पछि मात्रै सबै लोकबाट विमुक्त हुन सकिन्छ । तबमात्र त्यस लोकबाट अलिप्त भएर रहन सक्छ । साँच्चै जसले लोकको प्रपंचको बारेमा जान्दछ ऊ लोकको प्रति आसक्त हुँदैन । कोही व्यक्ति लोकविदू तब हुन्छ जब उसले लोकको स्वभावको बारेमा जान्दछ । लोक उत्पत्तिको स्वभावको बारेमा जान्दछ, लोक निरोध हुने अवस्थाको बारेमा जान्दछ, निरोधहुने उपायको विषयमा जान्दछ । यी चारै अवस्थालाई उसले आफ्नो शरीर भित्रथाहापाउँदछ ।

लोकको स्वभाव कस्तो छ ?

भगवानले भन्नुभयो– **'लुज्जती' ति खो, भिक्खु तस्मा 'लोको' ति वुच्चति-** हे भिक्षुहरू टुक्रा टुक्रा भएको ले नै लोक भनिएको हो । लुप्त हुने, विनष्ट हुने, उत्पन्न भएर विनष्ट हुने भएकोले नै लोक भनिएको हो ।

के विलुप्त हुन्छ त ?

चक्षु विलुप्त हुन्छ, रूप विलुप्त हुन्छ । ती दुबैको कारणबाट उत्पन्न हुने चक्षु विज्ञान विलुप्त हुन्छ । चक्षुको स्पर्श लुप्त हुन्छ र चक्षुको स्पर्शद्वारा हुने सुखद्, दुःखद् र असुखद् - अदुखद् वेदना विलुप्त हुन्छ । यस्तै प्रकारले अन्य इन्द्रियहरू र तीनका विषय, विज्ञान र स्पर्शद्वारा उत्पन्न हुने वेदना विलुप्त हुनेछ, नष्ट हुनेछ ।

यी छः इन्द्रियहरूको प्रपञ्च पलोका-धम्मा हुन् अर्थात् विनाशधर्मा हुन् त्यसैले यसलाई लोक भनिएको हो।

लोकको समुदय कसरी हुन्छ त ?

छ : इन्द्रियहरू र तिनका आ-आफ्ना विषयको समुदय नै लोकको समुदय हो । चक्षु र रूप मिलेर चक्षु विज्ञान उत्पन्न हुन्छ । यी तीनवटाको संयोगलाई स्पर्श भनिन्छ । स्पर्श हुने वित्तिकै वेदना उत्पन्न हुन्छ । बेदनाबाट तृष्णा, तृष्णाबाट उपादान त्यसपछि क्रमशः भव, जन्म, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास उत्पन्न हुन्छ । यही नै लोकको समुदय हो । यस्तै प्रकारले कान, नाक, जिब्रो, छाला र मन आदि इन्द्रियद्वारा लोकको समुदय हुन्छ । अर्थात दुःखको समुदय हुन्छ ।

लोकको अस्त कसरी हुन्छ त ?

चक्षु अर्थात् आँखा र रूपद्वारा चक्षु विज्ञान उत्पन्न हुन्छ यी तीनैको संयोग द्वारा स्पर्श उत्पन्न हुन्छ । स्पर्शबाट वेदना र वेदनाबाट तृष्णा उत्पन्न हुन्छ । तृष्णाको निरोधले चक्षु र रूप सम्बन्धी लोकको निरूद्ध हुन्छ । जस्तो- **तण्हाय असेसविराग निरोधा उपादाननिरोधो ।**

- तृष्णाको निरोध द्वारा उपादान निरोध हुन्छ । उपादानको निरोधबाट भवको निरोध हुन्छ । भवको



Downloaded from http://www.dhamma.digital

निरोधबाट क्रमश जन्म, जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायासको निरोध हुन्छ । यस प्रकार चक्षु लोकको अस्त हुन्छ । यस्तै अन्य अंगका क्षेत्रहरू पनि निरोध हुन्छन् र सारा दुःखको निरोध हुन्छ ।

यो लोक अथवा दुःख निरोधको उपाय के हो त? उपाय आफू भित्र हेर्नु नै हो । विपश्यना गर्नु हो । शीलमा प्रतिष्ठित भएर मनलाई एकाग्र गरी प्रज्ञाद्वारा विकारहरू निष्कासन गर्नु हो । तृष्णा जहाँ उत्पन्न हुन्छ त्यहीं सजग चित्तद्वारा त्यसलाई दुर्बल बनाएर नष्ट गर्नु पर्छ । तृष्णालाई यथाभूत थाहापाउनको लागि तृष्णाको कारण वेदनालाई यथाभूत हेर्नुपर्छ । इन्द्रिय द्वारा आफ्नो विषयको स्पर्शबाट चित्त र शरीरमा उत्पन्न हुने सम्वेदनालाई विपश्यना द्वारा तटस्थ भावले हेरेमा तृष्णा उत्पन्न हुने स्वभाव बदलेर जान्छ ।

स्मृतिवान हुँदै तपस्वी कायानुपश्यना, वेदनानुपश्यना चित्तानुपश्यना र धम्मानुपश्यना गर्दछ । लोक प्रति अविद्या र दौर्मनस्य अर्थात लोभ र द्वेष दूर गर्दछ । विपश्यना गर्दा गर्दै थाहापाउँदछ की तृष्णा कहाँ उत्पन्न हुन्छ । तृष्णा लोकमा उत्पन्न हुन्छ । यही शरीर भित्र नाम र रूपको चैतसिक तथा भौतिक प्रपञ्चको क्षेत्र भित्र । यस शरीरमा जुन प्रिय छ, जुन मनपर्छ त्यहीं तृष्णा जाग्छ, त्यहीं तृष्णाले निवास गर्छ ।

त्यसोभए शरीरमा कहाँ प्रिय छ, कहाँ मनपर्छ ? इन्द्रिय र इन्द्रिय विषयका क्षेत्रमा तृष्णा उत्पन्न हुन्छ । यसैलाई दुःख समुदय सत्य भनिन्छ । यस शरीरमा जहाँ प्रिय हुन्छ, मनपर्छ त्यहींबाट तृष्णा शुरूहुन्छ र त्यहीं निरुद्ध हुन्छ । निरोधको लागि पनि त्यही छः इन्द्रिय र तिनका विषयहरूका क्षेत्र नै हुन् । अतः शरीर जुन इन्द्रियको आधारमा सुखद अनुभूति भएर तृष्णा जाग्यो त्यहीं तृष्णालाई हेरेर त्यसको प्रहाण गर्नुपर्छ । त्यसको निरोध गर्नुपर्छ । यसरी आफू भित्र नाम-रूपको सारा क्षेत्र तृष्णा निरोधको लागि उपयोग गरिन्छ ।

यो अभ्यास कल्पना गरेर मात्र हुँदैन न कुनै चिन्तन मनन द्वारा नै सम्भव हुन्छ । यो त अनुभवको क्षेत्र हो । अनुभूति आफ्नो यस साढे तीन हातको शरीर भित्र गर्नुपर्दछ ।

यसरी इन्द्रियमा हुने सम्वेदनाको आधारमा तृष्णाको समुदयलाई जानेर त्यहीं त्यसको निरोधलाई पनि थाहापाउनु पर्दछ । यसप्रकार चारैवटा आर्य सत्य यसै शरीर भित्र देख्न पाउनेछ । लोकको परको लोकातीत अवस्था कहीं अन्त छैन आफू भित्र नै छ । त्यसको साक्षात्कार आफू भित्र नै छ । लोकको अन्तसम्म पुग्नको लागि बाहिर यात्रा गर्नु पर्दैन, भित्र गर्नु पर्छ । बाहिरको लोकको भित्रको लोकसंग ठूलो सम्बन्ध छ ।

आफू भित्र विपश्यना गर्दा गर्दै जब पहिलो पटक लोकोत्तर निर्वाणको अनुभूति हुन्छ तब साधक स्रोतापन्न हुन्छ । अर्थात् मुक्तिको स्रोतमा पर्दछ । यस अवस्थामा पुगेको व्यक्तिको चार अधोलोकका कर्म संस्कार सम्पूर्ण रूपले प्रहाण भइसकेको हुन्छ । यस प्रथम निर्वाणिक अनुभूति पश्चात् अधोलोक संग सम्बन्धित नयाँ कर्म-संस्कार बन्दैन । पुरानो संग्रह समाप्त भइसक्यो, नयाँ बन्ने कार्य बन्द भइसक्यो अतः स्रोतापन्न भएको व्यक्तिको लागि अपाय गतिका चारै अधोलोक सदाको लागि निरुद्ध हुन्छ। यी चार प्रकारका लोकमा उसको जन्म हुँदैन । यी लोकबाट सदाको लागि मुक्ति भइसकेको हुन्छ । यस्तै प्रकारले विपश्यनामा अगाडि बढ्दै बढ्दै सकदागामी र अनागामी अवस्थाको निर्वाणीक अवस्था अनुभव गर्दछ । मनुष्यलोक र अन्य काम भूमि देवलोकसंग सम्बन्धित पुराना संस्कार क्षय भइसकेको हुन्छ । यी लोकसंग सम्बन्धित नयाँ संस्कार बन्दैन अतः अनागामी व्यक्ति कामभूमि लोकलाई सदाको लागि निरुद्ध गरीसकेको हुन्छ। उसको जन्म अधोगतिमा त हुँदैन नै, कामभूमिमा पनि हुँदैन । यस्तो व्यक्ति रूप ब्रह्मलोकमा जन्म लिएर त्यहीं अरहन्त अवस्था प्राप्त गर्दछ र सदाको लागि विमुक्त हुन्छ।

अनागामी अवस्था प्राप्त गरेको व्यक्तिले विपश्यनाको अभ्यास कायम राख्दछ त रूप र अरूप ब्रह्मलोकमा जन्म हुने कर्म-संस्कार पनि खतम गर्दछ । यी लोकमा जन्म हुने नयाँ संस्कार बन्न पाउँदैन । यसरी सबैलोकको कर्म संस्कार क्षय गरेर सदाको लागि नितान्त विमुक्त हुन्छ । अब उसको कुनै लोकमा पनि जन्म हुदैन ।

**खीणं पुराणं नव नत्थि सम्भवं ।**

- उसका पुरानो लोक संस्कार नष्ट भयो र नयाँ बन्न पाउँदैन । यस्तो व्यक्तिको लागि, यस्तो अवस्था प्राप्त गरेको व्यक्तिको लागि यस्तो भन्न सकिन्छ - विसङ्खारगतं चित्तं, तण्हानं खयमज्झगा ।

- चित्त संस्कार - विहीन भइसक्यो, तृष्णा क्षयको अवस्था प्राप्त भईसक्यो ।

*(साभार- 'विपश्यना' २०५८ वैशाख, वर्ष-१८, अङ्क-१)*



Downloaded from http://www.dhamma.digital

# 'अल्पकालिन दुर्लभ, प्रवज्या' मेरो अनुभव

✍ यकमाया शाक्य
*महाराजगञ्ज, चक्रपथ*

*२०७३ कार्तिक ३० गते, मंगलवार*

नेपालका उपसंघनायक श्रद्धेय, डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यू को ७८ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा आयोजित अल्पकालिन दुर्लभ प्रव्रज्या ध्यान शिविरको (१० दिने) कार्यक्रममा ७८ जना कुलपुत्र र २४ जना कुल पुत्रीहरू गरी जम्मा १०३ जनालाई प्रव्रजित गरिएको थियो। यस कार्यक्रममा म पनि सामेल हुन पाएँ। दुर्लभ प्रव्रज्या हुने सौभाग्य प्राप्त भएकोमा ज्यादै खुसी लाग्यो र म आफूलाई एकदमै भाग्यमानी ठान्दछु।

२०७३ कार्तिक ३० गते दिउँसोको ठीक ३.३० बजे म अन्तर्राष्ट्रिय भावना केन्द्रमा पुगें। ध्यान केन्द्रमा पुगे पछि सबभन्दा पहिला त हाम्रो केश खौरिने काम भयो। गुरुमांले केश खौरीन सुरु गर्नुभयो। मेरो मनमा बुद्ध धम्म प्रति अझ धेरै श्रद्धा उत्पन्न भएर आयो। केश खौरिने काम सकिना साथ यस्तो लाग्यो कि आफूले बर्षौं देखि बाँकी राखेको गह्रुंगो भारीलाई बिसाएको जस्तो लाग्यो। मनमा उत्साह जाग्यो।

दिउँसो ठीक चार बजे हामीहरू सबै जना ध्यान केन्द्रको ध्यान हलमा उपस्थित भयौं।

भन्तेले प्रव्रजित कार्यक्रम र सति पट्ठान (स्मृति प्रस्थान) विपस्सना ध्यान बारे बताउनु भयो। जुन ध्यान अभ्यासबाट हामीलाई सुख-शान्ति प्राप्त हुन्छ। यसले चित्त परिशुद्धि पार्दछ। दुःखबाट मुक्त गराउँछ। ध्यानको अभ्यासले मानसिक क्लेशलाई क्रमशः पूर्णतःमुक्त गराई आध्यात्मिक शान्तिको तहसम्म पुऱ्याउँछ, भन्ने बारे बताउनु भयो।

२०७३ मंसिर १ गते विहार ९ बजे हामीहरू १९ जना नेपाली कुलपुत्री र ५ जना विदेशी गरी जम्मा २४ जनालाई उप्पलवण्णा गुगरुमां र अग्गञाणी गुरुमांबाट प्रव्रजित गराउनु भयो। त्यस दुर्लभ प्रव्रज्यामा मेरो नाम वीरञाणी नामाकरण गरियो।

दिउँसो १ बजे देखि ७८ जना कुलपुत्रहरूलाई प्रव्रजित श्रामणेर बनाउने कार्य सुरु भयो। दिउँसो ३ बजेसम्ममा दुर्लभ प्रव्रज्या कार्य सम्पन्न भयो।

दिउँसो ४ बजे देखि मात्र हामी ध्यान अभ्यास सुरु गऱ्यौं। पहिलो दिन हामी सबै जना सायद प्रव्रजित कार्यक्रमको व्यस्तताले गर्दा ध्यान लाभ गर्न सकेनौं।

दोश्रो दिन विहान ४ बजे देखि मात्र हामी ध्यान शिविरको तालिका अनुसार नियमित तरिकाले ध्यान (भावना) बस्न सुरु गऱ्यौं। सुरुमा त ध्यान बस्दा एक दमै गऱ्हौं अनुभव भयो। ध्यान गर्नका लागि धेरै बेरसम्म एउटै आसनमा बस्न त सकियो तर चित्तलाई वसमा राख्न र एकाग्र गर्न धेरै कठिन रहेछ। त्यस अवस्थामा मलाई धम्मपदमा उल्लेख भैरहेको भगवान बुद्धको अमृत वचन स्मरण भई रह्यो–

**वारिजो वं थले खित्तो - ओकमोकत उब्भतो।**
**परिफन्दति'दं चित्तं - मारधेय्यं पहातवे॥**

जसरी पानीबाट झिकेर सुख्खा जमीनमा राख्दा माछा छट्पटाउँछ, त्यसरी नै मारको जालबाट छुटाउँदा यो चित्त छट्पटाउँछ। त्यस्तै भयो। चित्तलाई वसमा राख्न साँच्चै कठिन भयो।

**दूरङ्गमं एकचरं-असरीरं गुहासयं।**
**ये चित्त सञ्ञमेसन्ति-मोक्खन्ति मार बन्धना॥**

टाढा-टाढासमम पुग्न सक्ने, एक्लै हिंड्ने, बिना शरीरको गुफामा बस्ने चित्तलाई बसमा राख्न सक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन्छ।

मैले आफ्नो चित्तलाई एकाग्रह गर्न धेरै कोशिस गर्दै गएँ। चित्तलाई वसमा राख्न सकेपछि सबभन्दा पहिला त म एक घडी नै रहेछु भन्ने महसुस भयो। त्यसपछि विस्तारै शरीरमा भएको वेदनाहरू पनि थाहा पाउँन सकें। शरीरमा भएको चार तत्त्वको बारे थोरै मात्र भए पनि बुझ्न सकें।

७ गते मंगलवार विहानको ७ बजे देखि ८ बजे को समयमा बसेर गर्ने ध्यान अभ्यासमा मेरो चित्त धेरै धेरै नै शान्त भयो। यस्तो अनुभव भयो कि विना चित्तलाई वसमा नराखीकन मनमा उब्जीरहने रीस, वैरभाव लोभ,



Downloaded from http://www.dhamma.digital

मोह आदि हटाउन नसकिने रहेछ । मैले एकक्षण भए पनि विना क्लेशको मन भएकोले, त्यस क्षणको चित्त हलुङ्गो र शान्त रहेको अनुभव गरें । आफ्नो चित्तलाई आफैं वसमा राख्न सके मात्र जीवनमा सुख पाउँन सकिन्छ, भन्ने अनुभव भयो । साँच्चै भनुँ भने मनुष्य जन्म पाएर बुद्धको शरणमा गएर, चित्तलाई वसमा राखेर प्रज्ञा पाएँ जस्तो भयो । यो छोटो समयमा ठूलो (अद्भूत) लाभ भएको महसूस भयो ।

हामीहरू बसेर मात्र ध्यान गर्ने, होइन, हिंड्दा चक्रमणको पनि भाविता गर्नु पर्ने भएको हुनाले चंक्रमणमा महसूस गर्न सकिने तत्त्वको बारेमा पनि केही ज्ञान भयो । त्यस्तै खाना खाँदा पनि भाविता स्मृति राख्दै खाँदा थाहा पाउने तत्त्वको बारेमा पनि अनुभव भयो ।

ती दिनहरू मेरो निमित्त अनमोल थियो, एकदमै बहुमूल्य दिन थियो । प्रव्रजित वस्त्र धारण गरेर, दशशील पालना गरेर मैले सकेसम्म भगवान बुद्धले दिनुभएको ज्ञान अनित्य, आफूले भने जस्तो नभएको यो शरीरलाई अन्तरमुखी भएर बुझ्ने सौभाग्य प्राप्त भयो । साथै अर्को महत्त्वपूर्ण कुरा दिनहुँ बुद्धको अमूल्य धर्म देशना पनि श्रवण गर्न पायौं । यसरी १० दिन बितेको चालै पाएनौं ।

२०७३ मंसिर ११ गते भिक्षा दान कार्यक्रम विहान ८ बजे देखि नै थियो । दान कार्यक्रममा धेरै उपासक, उपासिकाहरू भिक्षा दान गर्न उपस्थित थियो । त्यो भिड देखेर दान थाप्दै गर्दा अझ धेरै श्रद्धा उत्पन्न भयो ।

२०७३ मंसिर १२ गते समापन कार्यक्रम विहान ८ बजे देखि नै सुरु भयो । कार्यक्रममा सबै प्रव्रजित श्रामणेर र प्रव्रजित गुरुमाँहरूलाई स्मरण-पत्र पनि प्रदान गरिएको थियो । दुर्लभ-प्रव्रज्याको समापनको दिन निमन्त्रणा गरिएको थियो । साथै उपस्थित सबै उपासक, उपासिकाहरूलाई पनि भोजन कार्यक्रम थियो । त्यसपछि भन्ते, गुरुमांहरूलाई दान कार्यक्रम थियो ।

यो कार्यक्रम सञ्चालन गर्नु हुने श्रद्धेय भन्ते डा. ज्ञानपूर्णिक महास्थविर प्रति हार्दिक कृतज्ञ छु । यो कार्यक्रम आयोजक, विमलाञाणी गुरुमां, अग्गञाणी गुरुमां, उप्पलवण्णा गुरुमां, यस कार्यक्रमको लागि आउनु भएका सयादोहरू साथै यस अन्तर्राष्ट्रिय भावना केन्द्रमा सम्मिलित सबै, भन्ते गुरुमांहरू सहयोगी उपासक उपासिकाहरू साथै मलाई हौसला दिनुहुने कुसुम गुरुमां, पद्मावती गुरुमां, प्रीतीवती गुरुमां प्रति म आभारी छु ।

यस्तो अवसर जीवनमा एकचोटी सबैले अनुभव गर्न सक्नु पर्छ । अनुभव गरे मात्र जीवन सार्थक हुन्छ । बुद्धको शिक्षा, शील, समाधि र प्रज्ञाको पालना गरेमात्र सुख, शान्ति र निर्वाण प्राप्त गर्न सकिन्छ । ❖

॥ भवतु सब्ब मंगलम् ॥

## एक दिवसीय ध्यान शिविरया सूचं

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया नियमित अभिधर्म कक्षाया ब्वँमिपिन्त विशेष लक्ष्यित याना: हरेक महिनाया पुन्हीपतिकं सञ्चालन जुइगु एक दिवसीय विपस्सना ध्यान शिविरय् सकल श्रद्धालुपिन्त स्वागत दु ।

यैँया सानो भ्याांगस्थित **रत्न विपस्सना विहारय् कम्मट्ठानाचार्य ऊ सुजनपिय सयादो व निर्मलञाणी (वीणा)** गुरुमांया दक्ष निर्देशनय् जुइगु ध्यान शिविरय् सहभागी जुया: दु:खं मुक्त जुइगु निर्वाणपाखे पला: न्ह्याकेनु ।

**ध्यान समय : सुथसिया ७:०० बजेनिसें न्हिनसिया ४:०० बजेतक्क ।**

*सम्पर्क:*
**रीना तुलाधर : ९८५१००३६०४**
**उष्णीषतारा तुलाधर : ९८४१२०८१९२**

*संयोजक:*
**उष्णीषतारा तुलाधर**
*'परियत्ति सद्धम्म कोविद'*



Downloaded from http://www.dhamma.digital

# परउपकार चित्त पनि बोधि चित्त नै हो

✍ भिक्षु अश्वघोष महास्थविर

एक व्यक्तिले अर्को व्यक्तिको समस्या समाधान गरिदिने कार्यलाई परोपकार कार्य भनिन्छ। यसरी सहयोग गर्ने अवस्थामा उक्त व्यक्तिको मनमा निस्वार्थ पूर्वक मैत्रीपूर्ण हृदयको सेवाभाव हुनु आवश्यक छ । तर आफूले सहयोग गरेवापत केही फल प्राप्त गर्ने आशाले गरेको सहयोगलाई परोपकार भन्न मिल्दैन । त्यो त व्यापार नै हुन जान्छ। निस्वार्थ पूर्वक दुःखी व्यक्तिलाई उद्धार गर्ने चित्त अगाडि सारी काम गरेको अवस्थालाई मात्र बोधिचित्त सहितको काम भन्न मिल्छ । बोधिसत्त्वहरूले मात्र यसरी निस्वार्थ भावना सहितले काम गर्न सक्छन्। उनीहरूलाई आफ्नो नाम कमाउने आशा अभिलाषा हुँदैन। यस्तो चोखो मन सहितको निस्वार्थी व्यक्ति आज-भोलीको स्वार्थपूर्ण दूषित संसारमा विरलै पाइन्छन् ।

एकदिन बनेपास्थित ध्यानकुटी विहारमा चिनीया यात्रीहरूको एक फौज उपस्थित भए । त्यस फौजमा महिला यात्रीहरूको संख्या बढि थियो । तिनीहरूमध्ये एक महिलाले रु. ५० हजारको एक वण्डल नोट निकाली भिक्षु राहुलाई चन्दा दिइन् । अनि उक्त महिलालाई भिक्षु राहुलले त्यसको रसिद दियो । तर ती चिनीया महिलाले रसीद लिन इन्कार गरिन् । उनीले भनिन्–

"मैले नाम कमाउने आशाले यसरी चन्दा दिएको होइन । तपाईंलाई नाम राख्नै पर्छभने "चीन" मात्र राख्नुस् । हामीले त यो चन्दा बालबालिका पालन पोषण गरी पढाइदिने उपकारक कार्यको लागि दिएको। बोधिचित्तयुक्त उक्त असल कार्यलाई सहयोगार्थ दिएको यस चन्दाको लागि रसिद आवश्यक छैन ।"

यसबाट प्रष्ट बोधिचित्त झल्किएको छ। त्यसैले हामीले भन्न सक्छौं संसारमा बोधिचित्त भएका व्यक्तिहरू बाँकी नै छन्।

यसरी नै ध्यानकुटी विहारको एक कार्यक्रममा धेरै मानिसहरू सहभागी भएका थिए । ती मध्ये वज्राचार्य दिदी-बहिनीहरू तीन जना पनि उपस्थित भएका थिए । उनीहरूले रु. १५०००/– चन्दा दिंदै भने– "यो चन्दा पुस्तक प्रकाशन गर्ने कार्यमा गाभिदिनुस्, तर हाम्रो नाम नराखीदिनु होला ।" यो पनि बोधिचित्तको उक नमूना नै भन्न मिल्छ ।

यस्तो परोपकार कार्य सबैले गर्न सक्दैनन् । बोधिचित्त भएको व्यक्तिले मात्र त्याग गर्न सक्छन् । वि.सं. २०७२ साल वैशाख १२ गतेको भूकम्पले नेपालमा धेरै नोक्सान पुऱ्यायो । त्यो दुःखदायी अवस्थामा थाइलैण्डका संघराजा भिक्षुले सयौं वण्डल जस्तापाता नेपालको विभिन्न ठाउँमा भूकम्प पीडित परिवारलाई वितरण गर्नुभयो । धर्मस्थलीमा हजार जना मानिसहरूलाई खाना खुवाउनुभई उपकार गर्नुभयो । यो पनि बोधिचित्तबाट गरिएको उपकार कार्य हो। आफूसंग भएको धन, चीजबीज, शारीरिक शक्ति प्रयोगद्वारा, अरूको उपकार सोची दुःखी व्यक्तिहरूलाई गरिएको सहयोगलाई परोपकार कार्य भनिन्छ ।

तर यस्तो दुःखी अवस्थामा परेका भूकम्पपीडितहरूको लागि दान दिनको लागि ल्याइएका अन्नसमेत मोटरबाट ओसार्दै आफ्नो स्वार्थपूर्ति गर्ने मानिसहरू पनि नभएका होइनन्। यस्ता व्यक्तिहरूको लोभयुक्त दूषित चित्तलाई के भन्ने ?

काठमाडौं निवासी दि. दयाबीरसिंह कंसाकारले परोपकार संस्था खोली अनाथालय स्थापना गर्नुभएको थियो । उहाँले परोपकार स्कूल पनि स्थापना गर्नुभएको थियो। काठमाडौं बाहिर पनि परोपकार स्वास्थ्य सेवा खोली, बोधिचित्तयुक्त कार्यहरू गर्नुभएको थियो । अनुकरणिय एवं प्रशंसनिय कार्य गर्नुभई उहाँले आफ्नो कीर्ति छोडेर जानुभयो ।

नेपालका धेरैजसो गाउँहरूमा स्कूल छैनन् । ती मध्ये लुम्बिनीस्थित मायादेवी मन्दिर आसपासका गाउँहरूमा केही युवा वर्गले तीर्थयात्रीहरू, भिक्षु, भिक्षुणीहरूसँग पनि चन्दा उठाउँदै स्कूल बनाएका थिए । पछि उक्त स्कूललाई सरकारी स्तरबाट पनि सहयोग उपलब्ध भएको कारणले झोपडी स्कूल पक्की स्कूलमा परिवर्तन भयो । फलस्वरुप उक्त स्कूल राम्रो स्कूलमा गनियो । यो बोधिचित्तको प्रभाव हो ।

पहिला-पहिलाका धेरै जसो व्यक्तिहरू बोधिचित्त सहितको भएको कारणले उनीहरूले बटुवाहरूको सुविधा सोची पाटी, पौवा बनाएर गएका छन् । यही सिलसिलामा मानन्धर थर भएका एक दाताले विष्णुमती कंगेश्वरीमा पुल बनाएर गएका थिए । पछि त्यही पुल विस्तारै जीर्ण हुँदै गयो । पुल बनाएका दाता पनि दिवंगत भएर गयो । पछि जर्मनहरूले त्यहाँ राम्रो र बलियो पुल बनाइदियो। यसरी त्यस पुलले मानिसहरूको लागि परोपकारी कार्य गरिरहेको छ ।

माथि उल्लेखित विभिन्न परोपकारी कार्यहरूलाई बोधिचित्त सहितको कार्य भन्न मिल्छ। परोपकार र बोधिचित्त एकआपसमा घनिष्ट सम्बन्ध भएको कारणले परोपकार चित्तलाई बोधिचित्त भन्न सकिन्छ। ❖



Downloaded from http://www.dhamma.digital

# धर्मको "नगर"

*नेपाल भाषामा अनुवादक-* **भिक्षु बुद्धघोष महास्थविर**
*नेपाली अनुवाद-* **वीर्यवती**

महाराज ! भगवान बुद्धले बसाउनु भएको धर्मको नगरलाई शीलरूपी पर्खालले घेरा लगाइएको छ । चारै तर्फ हिरिरूपी पोखरी छन् । ज्ञानरूपी चौकोस रहेका छन् । वीर्यरूपी बुर्जा छन् । श्रद्धारूपी जग छ । स्मृतिरूपी द्वारपाल छन् । प्रज्ञारूपी ठूलठूला भवन छन् । धर्मोपदेश रूपी सूत्रहरूले सजिएका उद्यान छन् । अभिधर्मका दोबाटाहरू छन् । विनयका न्यायालय छन् । स्मृतिप्रस्थानका फराकिला बाटाहरू छन् । बाटोको दायाँ बायाँ पसलहरू छन् । ती पसलहरू यसरी रहेका छन् :–

१) फूलको पसल २) सुगन्धको पसल
३) फलफूलको पसल ४) औषधीको पसल
५) जडिबुटीको पसल ६) अमृतको पसल
७) रत्नको पसल ८) विभिन्न चीजबीजहरूको पसल

**१) फूलको पसल**

फूलको पसलमा किसिम किसिमका फूलहरू छन् । ती फूलहरू यसप्रकारका छन् :–

क) अनिच्चसञ्ञा - संसारमा रहेका सबै चीज अनित्य छन् भनी मनले धारण गर्ने ।
ख) दुक्खसञ्ञा - अनित्य भएको कारणले दुःख भनी बुझ्ने ।
ग) अनत्तसञ्ञा - आफूले भने जस्तो नरहेको कारणले अनात्म भनी थाहापाउने ।
घ) असुभसञ्ञा - बाहिर हेर्दा राम्रो देखे तापनि भित्र सबै कुहिएको अवस्थामा रहेको छ भनी बुझ्ने ।
ङ) आदीनवसञ्ञा - दोषपूर्ण रहेको छ भनी बुझिलिने ।
च) पहाणसञ्ञा - एकदिन त्यागेर, छोडेर जानु पर्नेछ भनी बुझ्ने ।
छ) विरागसञ्ञा - टाँसिएर बस्न नहुने अर्थात आशक्तिवश मोहमा भुलेर बस्न हुन्न भनी मनले धारण गर्ने ।
ज) निरोधसञ्ञा - सबै संस्कार एकदिन नाश भएर जानेछ भनी बुझिलिने ।
झ) सब्बलोके अनभिरतसञ्ञा - कुनैमा पनि बेहोशपूर्वक लट्ठ भई नभुल्ने ।
ञ) सब्ब संखारेसु अनिच्चसञ्ञा - सबै संस्कार अनित्य रहेको कुरालाई बुझ्ने ।
ट) आनापानासति - श्वासप्रश्वासमा ध्यान दिने ।
ठ) उध्दमातकसञ्ञा - मृत शरीर सुन्निएर आउने अवस्थालाई ध्यान दिने ।
ड) विनीलकसञ्ञा - मृत शरीर नीलो भएर जाने अवस्थालाई ध्यान दिने ।
ढ) विपुब्बकसञ्ञा - मृत शरीरमा पीप भरिएर आउने अवस्थालाई ध्यान दिने ।
ण) विच्छिदकसञ्ञा - मृत शरीरमा प्वालहरू देखिने अवस्थालाई ध्यान दिने ।
त) विक्खायितकसञ्ञा - शवलाई गिद्धहरूले लुछाचुँद गरी खाइरहेको अवस्थालाई ध्यानदिने ।
थ) विक्खितकसञ्ञा - टुक्रा टुक्रा भई छरिएर रहेको शवको अवस्थालाई ध्यान दिने ।
द) हत विक्खितकसञ्ञा - हात खुट्टाहरू छुट्टिएर छरिएर रहेको शवको अवस्थालाई ध्यान दिने ।
ध) लोहितकसञ्ञा - शरीरबाट रगत बगिरहेको अवस्थालाई ध्यानदिने ।
न) पुलुवकसञ्ञा - शव कुहिएर स्याउँस्याउँ किरा परिरहेको अवस्थालाई ध्यान दिने ।
प) मैत्री सञ्ञा - मित्रताको चिन्तन ।
फ) करुणा सञ्ञा - दुःखीप्रति दया राख्ने ।
ब) मुदिता सञ्ञा - अरुहरूको भलो भएको देखी खुशी हुने ।
भ) उपेक्षा सञ्ञा - तटस्थता
म) मरणानुस्सति - एकदिन मर्नुछ भनी सम्झिरहने ।
य) कायगतानुस्सति - मलमूत्रले भरिएको शरीर भनी ध्यान दिने ।

महाराज ! भगवान् (बुद्ध) ले ध्यान भावना गर्न योग्य विषय यिनीहरू नै हुन् भनी बताउनु भयो ।

बृद्ध हुने र मरण हुनुपर्ने अवस्थाबाट जो व्यक्ति



Downloaded from http://www.dhamma.digital

मुक्त हुन चाहन्छ, त्यस व्यक्तिले माथि उल्लिखित विभिन्न अवस्थाहरू मध्ये एक अवस्थालाई छानी ध्यान अभ्यास गर्नुपर्छ। त्यसलाई अभ्यास गर्दै लान सकिएमा रागबाट मुक्त हुनेछ, द्वेषबाट मुक्त हुनेछ, मोहबाट मुक्त हुनेछ, अभिमानबाट मुक्त हुनेछ, मिथ्या सिद्धान्तबाट मुक्त हुनेछ र संसाररुपी सागरबाट तरेर जान सकिनेछ। त्यस व्यक्तिको तृष्णाको धारा रोकिने छ। तीनप्रकारका मलबाट रहित हुनेछ। फेरि सम्पूर्ण क्लेशहरूलाई नाश गरी मल रहित, राग रहित र शुद्ध निर्मल चित्त सहितको व्यक्ति भई आवागमन (जन्म मरण चक्र) बाट मुक्त हुन सकिनेछ। नगर मध्येमा श्रेष्ठ रहेको निर्वाण नगरमा प्रवेश गर्न सकिनेछ। अर्हत् भई आफ्नो चित्तको अन्त्य गर्न सकिनेछ। महाराज ! बुद्धको फूलको पसल यही हो।

"कर्मरुपी पैसा बोकी धर्मको पसलमा जाने,
अभ्यासको लागि एक योग्य विषय किनी ल्याउने
अनि यही अभ्यास गर्दै मुक्ति प्राप्त गर्ने।"

"भन्ते नागसेन ! सुगन्धको पसल कस्तो र केलाई भनिन्छ ?"

२) **सुगन्धको पसल**

महाराज ! भगवान बुद्धले हामीलाई कुन शील पालन गर्नको निमित्त बताउनु भएको छ ? भगवान बुद्धको पुत्र (भिक्षुहरूले) आफ्नो शील सुगन्धले देवताहरू, मनुष्यहरू सहित सारा लोकलाई सुगन्धित पार्नुहुन्छ। उहाँहरूको शील सुगन्ध दिशा, अनुदिशा लगायत हावाको अगाडि पछाडि पनि बगेर चारैतर्फ फैलिएर गइरहेको हुन्छ।

राजाले ती कुन कुन शील होला भनी सोधे।

महाराज ! क) शरण शील ख) पञ्चशील ग) अष्टशील घ) दश शील ङ) प्रातिमोक्ष संवरशील।

महाराज ! भगवान बुद्धको सुगन्धको पसल यिनीहरू नै हुन्।

महाराज ! देवाधिदेव भगवान् बुद्ध स्वयम्ले यसरी आज्ञा हुनु भएको छ –

फूल, चन्दन, तगर चमेलीको सुगन्ध हावा नचलेको ठाउँमा फैलन सक्दैन, तर सत्पुरुषहरूको सुगन्ध सबै दिशामा फिंजिएर गइरहेको हुन्छ।

चन्दन, तगर, कमलको फूल, चमेली फूलको सुगन्ध भन्दा पनि शील सुगन्ध अति उत्तम छ। शीलवान व्यक्तिहरूको सुगन्ध फूलको सुगन्ध भन्दा कैयौं गुणा उत्तम छ। यी उत्तम सुगन्ध देवलोकसम्म पनि पै िलिरहेको हुन्छ।

भन्ते नागसेन ! फलको पसल कस्तो होला ?

३) **फलको पसल**

महाराज ! भगवान् बुद्धले फलको पसललाई यसरी बताउनु भएको छ –

श्रोतापत्ति फल। सकृदागामि फल। अनागामि फल। अरहत फल। शून्यता फल (निर्वाण) समापत्ति। अनिमित्त फल समापत्ति। अप्पणिहित फल समापत्ति। यी फलहरू मध्ये आफूलाई मनपर्ने त्यस फललाई यथोचित तरिकाले कर्मरुपी पैसा तिरेर किन्न सकिन्छ।

**वर्षैभरि फल्ने आाप** –

महाराज ! एकजना व्यक्तिसंग वर्षै भरी आँप फल्ने एउटा बोट रहेछ। जबसम्म आँप किन्ने व्यक्ति आउँदैनन् तबसम्म उसले आँप टिप्दैन। आँप किन्ने व्यक्ति आएपछि उसले आँपको पैसा असुल्छ र भन्छ "वर्षैभरि फल्ने आँपको बोट हो यो, तपाईंलाई मनपेरको आँप टिपीलानुहोस्। भर्खर फलेको ठूलो, गुलियो, काँचो, राम्ररी पाकेको मध्ये कुन मनपर्छ टिप्नुस्।" सो व्यक्तिले पनि भर्खर फलेको आँप मन परेमा सोहि अनुसार पैसा तिरेर लान्छ। ठूलो मनपरेमा सोहि अनुसार, गुलियो मनपरेमा सोहि अनुसार, काँचो मनपरेमा सोहि अनुसार, पाकेको मनपरेमा सोहि अनुसार पैसा तिरेर लान्छ।

महाराज ! (कर्मको क्षेत्रमा पनि) मानिसहरूले आफूलाई जस्तो फल मनपर्छ, कर्मरुपी पैसा तिरेर त्यस्तै फल किनेर लगिरहेको हुन्छ। श्रोतापत्ति फल मन परेको हो वा सकृदागामि फल मन परेको हो वा अनागामि फल मन परेको हो वा अरहत् फल मनपरेको हो, शून्यता फल समापत्ति, अनिमित्त फल समापत्ति, अप्पणिहित फल समापत्ति। महाराज ! भगवान् बुद्धको फलको पसल यही हो।



Downloaded from http://www.dhamma.digital

**४) औषधि पसल**

महाराज ! भगवान बुद्धले यस्तो विशेष औषधिको विषयमा हामीलाई बताउनु भएको छ, जुन औषधिबाट उहाँले देवता र मनुष्य लगायत सारा संसारलाई क्लेशबाट मुक्त गराउनु भएको थियो ।

त्यो कस्तो औषधि होला ?

महाराज ! भगवान बुद्धले चारवटा आर्यसत्यलाई बताउनु भएको छ ।

क) दुःख आर्य सत्य ख) दुःख समुदय आर्य सत्य

ग) दुःख निरोध आर्य सत्य

घ) दुःख निरोधगामिनी प्रतिपदा मार्ग आर्य सत्य

जुन मुमुक्षुहरूले यस चार आर्यसत्य धर्मलाई बुझ्छन् तिनीहरूले जन्म हुने, बुढा बुढी हुने, मरण हुने, शोक परिदेव दुःख दौर्मनस्य उपायास (सन्ताप) आदिबाट मुक्त हुन सक्नेछन् । भगवान बुद्धको औषधि पसल यही हो ।

**५) जडिबुटीको पसल**

महाराज ! भगवान् बुद्धले यस्तो जडिबुटीहरूको विषयमा बताउनु भएको छ, जुन जडिबुटीले देवता र मनुष्यहरूलाई उपचार गरी उद्धार गरिएको थियो ।

ती जडिबुटीहरू यसरी रहेका छन् :–

क) चारवटा स्मृतिप्रस्थान ख) चारवटा सम्यक प्रधान

ग) चारवटा ऋद्धिपाद घ) पाँचवटा इन्द्रिय

ङ) पाँचवटा बल च) सातवटा बोध्यङ्ग

छ) आठवटा आर्य अष्टाङ्गिक मार्ग ।

भगवान बुद्धले यी जडिबुटीहरूद्वारा जुलाव गराउनु भई मिथ्यादृष्टि (गलत सिद्धान्त), मिथ्या सङ्कल्प, मिथ्या वचन, मिथ्या कर्मान्त, मिथ्या जीविका, मिथ्या व्यायाम, मिथ्या स्मृति र मिथ्या समाधिलाई फाल्नु भयो, लोभ, दोष, मोह, मान, दिट्ठि, विचिकिच्छा, थिन, उद्धच्च, अहिरिक, अनोतप्प आदि सबै क्लेशहरूलाई हटाउनु भयो । महाराज ! भगवान् बुद्धको जडिबुटी पसल यही हो । संसारमा नाना प्रकारका जडिबुटीहरू छन् । तर धर्मरुपी जडिबुटी समान अरु कुनै छैन ।

भिक्षुहरू ! धर्मरुपी यी औषधि सेवन गरी अजर अमर बन्नु । भावना गर्दै परम ज्ञान साक्षात्कार गर्नु । अनि सबै आशक्ति निर्मूल गरी निर्वाण साक्षात्कार गर्नु ।

भन्ते नागसेन ! भगवान बुद्धको अमृतको पसल कस्तो होला ?

**६) अमृतको पसल**

महाराज ! भगवान बुद्धले अमृतको विषयमा पनि बताउनु भएको छ । भगवानले उक्त अमृतले देवता र मनुष्यहरू सहित सारा संसारलाई भरिपूर्ण गर्नुभयो । त्यसैले सबै देवता र मनुष्यहरू जसले यस अमृत सेवन गर्ने मौका प्राप्त गरेका छन्, तिनीहरू जन्म लिने, रोग भय, मृत्यु भय, शोक परिदेव दुःख चिन्ता हैरानी आदिबाट मुक्त भए ।

त्यो अमृत कस्तो होला ?

महाराज ! देवाधिदेव भगवान बुद्धले कायगतासतिलाई बताउनु भएको छ । भिक्षुहरू ! जसले कायगतासति भावना अभ्यास गर्छ, उसले अमृत पिएको जस्तै फाइदा लिन सक्नेछ । महाराज ! बुद्धको अमृत पसल यही हो । रोगले ग्रस्त जनताहरूलाई मध्यनजर राख्नु भई उहाँले अमृतको पसल खोल्नु भएको हो । कर्मरुपी रकम तिरी यो अमृत किनेर पिउनु ।

**७) रत्नको पसल**

महाराज ! भगवान बुद्धले यस्तो रत्नको पसल खोल्नु भएको छ, जुन रत्नले सजधज भई उहाँका पुत्र भिक्षुहरूले देवता र मनुष्यहरू सहित सारा संसारलाई जगमगाई रहनु भएको छ । तल, माथि बीच भाग गरी सारा ठाउँमा प्रज्वलित भइरहेका जाज्वल्यमान त्यस रत्नहरू यसरी रहेका छन् –

क) शीलरत्न ख) समाधिरत्न

ग) प्रज्ञारत्न घ) विमुक्तिरत्न

ङ) विमुक्ति ज्ञान दर्शनरत्न च) प्रतिसम्भिदारत्न

छ) बोध्यङ्गरत्न

भगवान बुद्धको रत्न पसल यही नै हो ।

क) **शीलरत्न** - (शील रत्नलाई यसरी विश्लेषण गरिएका छन्)

अ) प्रातिमोक्ष संवर शील; आ) इन्द्रिय संवर शील; इ) आजीव परिशुद्धि शील; ई) प्रत्य सन्निस्सित शील; उ) लघु शील; ऊ) मध्यम शील; ए) महा शील;



Downloaded from http://www.dhamma.digital

ऐ) मार्ग शील; ओ) फल शील ।

महाराज ! जुन व्यक्तिहरू शीलरत्नले विभुषित भएर बस्छन्, उनीहरूलाई हेरी देवता, मनुष्य, मार, ब्रह्मा, श्रमण, ब्राह्मण आदि सबैको मन आनन्दित एवं हर्षित भई प्रशन्न भइरहने हुन्छ । महाराज ! एक भिक्षु शीलरत्नले सुसज्जित भई आफ्नो शोभाले दिशा, अनुदिशा, माथि, तल, बीच भाग आदि चारैतर्फ भरिपूर्ण बनाइ-रहेको हुन्छ । उँधो गई अवीचि नर्कसम्म, उँभो गई स्वर्गलोकसम्मको क्षेत्र भित्र जति पनि अन्य विभिन्न प्रकारका रत्नहरू छन्, ती रत्नहरू मध्ये यो शीलरत्न सबभन्दा माथिल्लो स्तरको रत्न हो । शीलरत्न अन्य रत्नहरूको दाँजोमा अगाडि रहने भएकोले यसले अन्य रत्नहरूलाई जितिरहेको हुन्छ । महाराज ! भगवान् बुद्धको रत्न पसलमा यस्तो अमूल्य शीलरत्न पाइन्छ । महाराज ! यसलाई नै भगवानको शीलरत्न भनिन्छ । कर्मरुपी रकम तिरी यस रत्नरुपी गहना किनेर आफूलाई सुसज्जित पार्नु ।

भगवानको समाधि रत्न कस्तोलाई भनिन्छ ?

ख) **समाधिरत्न**

अ) सवितर्क सविचार समाधि; आ) अवितर्क विचार समाधि
इ) अवितर्क अविचार समाधि; ई) शून्यता समाधि
उ) अनिमित्त समाधि; ऊ) अप्रणिहित समाधि

*क्रमश:*

★ **शरद ऋतुमा फ्याँकिएको काम नलाग्ने लौका, परेवा भैं सेतो हाड रुपी शरीरलाई देखेर कसलाई प्रेम लाग्ला ?**

*- धम्मपद*

## शान्तिवादी विश्वया नायो

✍ **कृष्ण किपू**

एशिया महादेशया चन्द्रसूर्य स्वया:नं थीगु ज:
शान्तिवादीया विश्वया नायो शाक्यमुनी गौतम बुद्ध

शान्तिवादी जुया: नं क्रान्तिया मिप्वा: ज्वना:
दिगिदिगि खाना: स्याय्पाले धया व:पिं शत्रु हे जूसां

लिब्वला काय् धयागु मती तक हे मदु
एशिया महादेशया चन्द्रसूर्य स्वया:नं थीगु ज:

शान्तिवादीया विश्वया नायो शाक्यमुनी गौतम बुद्ध
मुसुहुँ न्हिला: कुख्यातपिं मूर्ख जूसां

ज्ञान बुद्धि अर्ति बिया: शान्तिया लँपु क्यना:
त:धं चीधं त:मि चीमि थीत्यो मत्यो

जातपातया थितिकुति फुक्क वांछ्वया:
भेदभाव सुयातं मया:म्ह

एशिया महादेशया चन्द्रसूर्य स्वया:नं थीगु ज:
शान्तिवादीया विश्वया नायो शाक्यमुनी गौतम बुद्ध

## भिंम्ह मनू जुई योसा

✍ **सुमेधावती**

होश तया: खँ ल्हाय्माल
भिंम्ह मनू जुइगु ख:सा
थ:त स्वामदुगु खँ ल्हाइगु मयोसा
कत् पिन्तनं स्वा: मदुगु मधाय्नु ।

सकसियांनं येका च्वने य:सा
चित्त भिंका: लोभयात त्याग याना:
भिंम्ह मनू धाय्के योसा मिलेचले जुया:
थ: गथे कतपिंनं अथेहे ख: सीकेनु ।

भिं धाय्का: स्वाना च्वने योसा
शील, समाधि व प्रज्ञा ज्ञान दय्केमाल
त:धं त:धि जुया: च्वने योसा जुइमाल
चीधी चीधिकम्ह जुया: व्यवहार याय्नु ।

थ:त: भिंम्ह मनू धाय्के योसा जुइमाल
सम्यक् वचन सम्यक दृष्टि दय्का:
लोभ, मोह, द्वेष म्हसीका कया:
त्याग चित्त वृद्धि याना: श्रद्धा दय्केनु ।

ध्यान भावना अभ्यास याना:
स्मृति दय्का: अप्रमादी ज्वी सय्का:
नाम रुप परिच्छेद ज्ञान थुइका:
भिंम्ह मनू जुया: सुखपूर्वक म्वाय्नु ।



Downloaded from http://www.dhamma.digital

# सतत् प्रयासमा नै सफलता

✍ **नरेन्द्रनाथ भट्टराई**

अविरल रुपले गरेमा कुनै पनि काम सफल हुन्छ । कहिले यता, कहिले उता, यसो पो होकि, उसो पो हो कि ! एउटामा केही बेर लाग्यो भने अर्केबाट पो पाइएला कि भन्दै फेरि अर्कोतिर गयो, त्यहाँ केही बेर लाग्यो, त्यहाँबाट पनि भएन भन्यो फेरि अन्तै । यसरी संसारको पदार्थ पाउन त सकिन्न भने मनको सुख कसरी पाउन सकिएला ?

यसै प्रसङ्गमा आफ्ना शिष्यगणहरूलाई उपदेश दिन एकजना सन्तले घटनाद्वारा नै देखाइदिने विचार गरी चार जवान चेलाहरूलाई बोलाएर आश्रमबाट केहिपर चार दिशामा एक-एक जनालाई पठाएर भन्नु भएछ –

“बाबु हो ! म तिमीहरूलाई सात दिनको समय दिन्छु, एक-एक बिगाहा जग्गा छुटाइदिएको छु, आजै अहिले देखि कोदालो लिएर जाओ, त्यहाँ गएर खन र पानी निकाल, मलाई एउटा ईनार बनाउनुछ । सात दिनभित्रै काम पूरा भएमा मेरो लागि गुरुदक्षिणा नै त्यही हुनेछ ।” चारै जना शिष्यहरू आ-आफ्नो तोकिएको क्षेत्रमा गएर खाल्डो खन्न थाले । दिनको एकपटक सन्त अरु चेलाहरूलाई लिएर कार्य प्रगति हेर्न जानुहुन्थ्यो । चारैजना आफ्नो काममा व्यस्त थिए । पहिलो दिनको कार्य प्रगति करीब करीब सबैको उस्तै रह्यो। दोश्रो दिन दुई जनाले ८/१० हात जति गहिरा र बाँकी दुईजनाले अर्को ठाउँमा अर्के ५/७ हात गहिरो खाल्डो खने । तेश्रो दिन एकजना जसले दुई दिमा ८/१० हात जति खनेका थिए । उनले अरु पाँच हात जति के खनेका थिए अलि-अलि पानी देखा पऱ्यो । ८/१० हात जति खन्ने अरु दुई जनाले सायद यस ठाउँमा पानी रहेनछ भन्ने ठानी अर्के खाल्डो खन्नतिर लागे । दुई जनाले प्रत्येक दिन अर्के अर्के ठाउँमा खन्न थाले । यिनको विचार थियो, पानी भइदिएको भए ५/७ हात खन्दा नै देखिनु पर्ने । चौथो दिनसम्ममा ती एकजनाले निर्मल जलको श्रोत नै भेटिसकेको थियो । दोश्रोले ८/१० हात गहिरो खाल्डो खनिसके, बाँकी दुईजनाले ४/४ वटा ५/७ हात गहिरो खाल्डो खने तर पानी भेटेनन् । पानी फेला पार्नेले पाँचौं दिनमा वरिपरिका फोहर मैला समेत पन्छाएर इनार बनाउन हुने अवस्था समेत तयार पारिदिएर गुरुको समक्ष हाजिर भए । सातौं दिनको साँझ गुरुले अरु सबै चेलाहरूलाई समेत लिएर पानी निक्लिएको खाल्डो भएको ठाउँमा जानुभयो । स्वच्छ जल, सफा भूमि भएको त्यो खाल्डो देखाउँदै भन्नुभयो– “हेर बाबु हो ! पहिलो कुरा हतार केहीमा गर्नु हुँदैन, दोश्रो कुरा अलि-अलि गर्दै छोड्दै पनि गर्न हुँदैन, यी चेलाले तीन दिनमा नै पानी फेला पारे । चौथो दिनमा अझ गहिरो खेनेर स्वच्छ जल फेला पारे । पाँचौं दिनमा त खाल्डो वरिपरिको जमीन पनि सफा पारे । एउटै ठाउँमा गहिरिंदै गए, २०/२२ हातमै स्वच्छ जलश्रोत पाए ।”

तीनवटा खाल्डो खन्ने चेलालाई महात्माले भन्नुभयो –

“हेर बाबु ! तिमीले अलिकति बढि धैर्य गर्न सकेनौ ८/१० हात खन्दैमा आत्तियौ । त्यहिं अरु १/२ हात मात्र खनेको भए पानी भेटिहाल्थ्यो ।”

७/७ वटा खाल्डो खन्नेतर्फ फर्किंदै सन्तले भन्नुभयो –

“बाबु हो ! तिमीहरूले त एकै दिनमा ५/७ हात खन्दामा धैर्य हरायो । सातै दिनसम्म पूरा परिश्रम गऱ्यौ तर अधैर्यपूर्वक ठाउँ बदल्दै गएकोले सफल हुन सकेनौ । यस घटनाबाट मेरा सबै शिष्यहरूले शिक्षा लिई कुनै पनि काम कुरामा धैर्यपूर्वक अविरल लागिरहेमा मात्र सफलता पाइने रहेछ भन्ने कुरा बुझ्नु ।” ❖

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| २०७३ मंसीर/पौष | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| मंसीर २२ गते, बुधवार, अष्टमी | शुभवती | वीर्यवती |
| मंसीर २८ गते, मंगलवार, योमरी पुन्हि | अमता | धम्मवती |
| पौष १ गते, शुक्रवार, संक्रान्ति | दानवती | धम्मवती |
| पौष ६ गते, बुधवार, अष्टमी | वण्णवती | दानवती |
| पौष १४ गते, विहीवार, औंशी | सुवण्णवती | इन्दावती |



Downloaded from http://www.dhamma.digital

चि-बाखँ

# भुखाचं नं पाप धर्म स्यूला ?

✍ **प्रेमलक्ष्मी तुलाधर**, ङत

शनिवाःया दिं सुथसिया ई न्हापा लिपा थें दनागु लिबाःगुलिं सुथसिया नित्य ज्या सिधय्काः मां बाःपिंत ख्वाः सिकाः नय्गु नसा त्वंसा बियाः जिपिं तःकेहें दाजुकिजा, भौ, पीभत, मस्त सकलें मुनाः च्या त्वने सिधय् काः ज्यःनां या निर्तिं माःगु ज्वरेयाना च्वना ।

सकसितं ज्यःनां याकेत सःता च्वनाबलय् फय्वः थें ह्वाइं ह्वाइं सःवल । यः मां थ्व छु जूगु, वा फय् वःथें च्वं खापा त्यू खापा त्यू धाधां खापा तिइ धकाः वनाबलय् इकुया बल । वनेहे मफु ग्वारा ग्वारा तुल । सकलेंहाला हल ए थ्व ला भुखाय् ब्वःगु का धकाः हाला हल । आ छुयाय्गु धकाः जिपिं दुरुरुरु क्वहाँ वनाबलय् गुम्हं स्वाहाने हे दल, गुम्हं स्वाहानें कुतुंवल । किजा छम्हेसिया आया आया धकाः हाःगु सः तायाः ततां थं वंबलय् किजा न्यासिहे वनेमफु, पीभताया ल्हाः संकेहे मज्यू, भिन्चा छम्हेसिया वा हे त्वःधुल । अथेसानं बल्ल बल्ल मां बाः या कोथाय् वनाः स्वयाबलय् निम्हं धय्पुना द्यःपिनिगु नां कयाच्वन । अले मां बाः निम्हसिनं धालः "ए ! मस्त थन वा थन वा" जिपिं फुकं मां बाःयात धय्पुना "आ ! छु याय्गु आ ! छु याय्गु" धकाः हालाच्वना ।

"ए ! मस्त द्यःया नां का, द्यःया नां धकाः" बा नं धाल । जिमितला नां हे काय् मवल धकाः ख्वयाच्वना । "ख्वय्गु मखु थज्याबलय् सः सः थे द्यःया नां का । आतय् चाय्मते सीसां भ्मीपिं सकले सी । म्बाः सां भ्मीपिं सकले म्वाय्का" धकाः बाः मां नं धैर्य बियाच्वन ।

छम्ह काय् नं धाल "बाः मां हे जिमिगु द्यः खः बाः मांया हे शरणे जिपिं फुक्कं का" धकाः बाःमां यात भागीयानाच्वना । धात्थें जिमिगु छें भचा चर्के जुल, मेगु छु नं मजू तर किजाया तुति मर्के जुल । पीभतया ल्हाः त्वःधुल, भिंचाया वा त्वधुल । अलय् बाःनं धाल "भाग्यं मर्के जक जुल का त्वः धूगु जूसा छुयाय्गु काः । उकुन्हु छिमि मां नं धेवा मब्यू धकाः प्यंकागु मखुला छं, वहे पाप लाःगुका ।" भौयात स्वयाः धाल "छंगु ल्हाः त्वःधूगु नं अथें मखु उकुन्हु छिमि माजुं बाँलाक ज्या याय् सय्कि ढंग मदेका जुइमते धाःबलय् आम ल्हातं पात्तुपालाः ल्वाःगुलिं जूगु काः । आः कुन्हु ल्वाय्गु स्वय्मते खःगु धाःगु मखुगु धाःगु थुइकि ।" छय्यात स्वया धाल– "उकुन्हु छिपिं सकसिनं इना न धकाः चकलेट बियां छं याकःचां जक नल । अथेजुगुलिं छंगु वा त्वः धूगुका सिलला ? आवंलि इना नय्गु स्व न्हि बाबु" धाल ।

मां बाःया शरणे धाःम्ह काय् नं धाल- "बाः भुखाचं नं पाप धर्म स्यूला ? मखुगु याःपिंत अथे याईला ? "याई पुता" धकाः बाः नं धाल । धर्तीयात नं गुलि बोभ्ह । ततः खागु छें दन, तरकारी, पिइगु बुं मियाः छें दनाः दां कमे याय्गु स्वल । बुँ दःसा धकाःनयगु दई । दां जक नय् मजिल, न्यानाः नये हे माल । जमीन म्हुयाः लः लिकाल, धर्म कर्म म्हमसिल, लाः लाःथे सनाजुल । स्याय्गु, व्यभिचारी याय्गु, खुया काय्गु, मादक पदार्थ त्वनाः स्यानाः ख्यानाः दायाः, दुःख विइगु, देशं देशयात बम कुर्का निर्दोष प्राणीपिंत स्याना जुइगु । थ्व फुक्कं थःथःपिसं यानागु पापया फल खः । धर्ति नं सहयाय् मफुत, फय् मफुत असत्य यक्व दयावल । भ्मीपिं त्यानुइबलय् धुपिने थें धर्ति नं त्यानुया धुपिउँगु खः । धुपिंउबलय् जमीन सन धाराधुरु जुल । भुखाय् ब्वल । थुलला मस्त "धा धां आः ला मसनथें च्वं धकाः भ्म्यालं पिने स्वःबलय् छँ धेचुयाच्वंगु, दुनाच्वंगु, देगः स्यनाच्वंगु, क्वः दलाच्वंगु, पुलांगु पुलांगु छें धाक्व गुगुं स्यंगु चिरबाया च्वंगु खनाः मखुथें जुल मखुथें जुल धयाच्वंबलय् हाकनं सन भुखाय् ब्वल धा धां खाताय् फ्यतुल ।" तुति मर्के जूम्ह, ल्हा त्वःधूम्ह स्यात स्यात धकाः हालाच्वन । वा त्वधूम्ह मचा मछालाः ल्हातं म्हुतु त्वपुया च्वन । ❖

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ आनन्दलाई तथागतको छाया मानिन्छ । उनी बुद्धको नीजि सेवक थिए ।

★ आनन्द बहुश्रुत् (=विद्वान्), स्मृतिवान्, चरित्रवान्, धैर्यवान् र उपस्थान (=इमान्दार सेवक) हुनाले ५५ वर्षको उमेरमा बुद्धले उनलाई नीजि सेवक छानेका थिए । *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# सुयात तःमि धायेगु ?

✍ सुनिता मानन्धर

तःमि धइगु गुलि धन दुम्हेसित धाइ धइगु खँया ल्याःचाः मदु । अभ्र धाये तःमिया निश्चित लागा मदु । लखं दां दुम्ह तःमि । कोटी दुम्ह तःमि । अर्ब दुम्ह तःमि । छेँ-बुँ यक्व दुम्ह तःमि । तिसा प्वःप्वः दुम्ह तःमि । अथवा लुँ, वह, हिरा, मोति, पन्ना आपाः दुम्ह तःमि थन सुयात तःमि धायेगु ?

अथे ला समाजं अःपुक हे तःमि व चीमि ब्वथले फु । थन छेँ बुँ आपा दुम्ह तःमि जुइ । ज्वाँय् ज्वाँय् तिसां तियाः जुइम्ह तःमि जुइ । अर्बौं दां मुनातःम्ह तःमि जुइ । उकिं हे थन तःमि जुइत सकलें ब्वाँय् जुइ । धन मुनेत चान्हि धाइमखु । न्ह्याथे यानाः जूसां ध्यबा कमे यायेत स्वइ । न्ह्यागु कथंया लँपु छिनाः जूसां सम्पत्ति मुनेत जुइ । थन धनं कमे यायेगु व सम्पत्ति मुनेगु लँपु यक्व दइ । थुकी मध्ये छुं छुं लँपुयात छकः स्वये ।

थन लागुवासः मियाः तःमि जूपिं दु । मेपिंत ठगे यानाः तःमि जूपिं दु । घुस नयाः तःमि जूपिं दु । व्यापार व्यवसाय हिनामिना यानाः तःमि जूपिं दु । मांबौ वा थः पुर्खौली सम्पत्ति जक कयाः तःमि धायेका जूपिं दु । अभ्र शील स्यंकाः अथे धइगु प्राणी हिंया यानाः लुटे यानाः, मखुगु खँ ल्हानाः, व्यभिचारी जुयाः, खुया कयाः तःमि जूपिं नं म्हो मजू । न्ह्याथें जाःगु ज्याखँ यानाः धन मूसां समाजं तःमिया धलखय् हे तइ । तर बुद्ध शिक्षा कथं स्वयेगु खःसा तःमि जुइ तसकं थाकु । धन मुने तसकं थाकु ।

सकसिनं सिउ, नयेत्वनेत धन माः । पुनेत धन माः । ल्वचं कःसा वासः यायेत जक नं लखौं ध्यबा माः । छपलाः जक छिउसां ध्यबा हे माः । उकिं थन थःत माःगु स्वयाः आपाः धन मुनेत जुइ । कन्हय् ल्वचं कःसाः वासः यायेमाःगु खँ लुमंकी । अले थौं हे ल्वचं कयेक धन मुना जुइ । थुकिया लागिं दुराचारी ज्याखँ याः जुइ । थःगु बुद्धियात स्यंका जुइ । जीवंकाःछि जीवनया अमृत पदयात ल्वःमंका जुइ । तर न्ह्याक्व हे दं म्वाःसां दुराचारीया जीवन सुखमय जुईमखु । तथागत बुद्धं नं दुराचारीया जीवन हने मजिउगु खँ धयाबिज्याःगु दु । वसपोलं सच्छिदँया दुराचारी जीवन स्वयाः छन्हुया सदाचारी जीवन हनेगु बांलाः धकाः धया बिज्याःगु दु । दुराचारी व असमाहित पुरुषया सच्छिदँया जीवन स्वयाः सदाचारी व ध्यानीया छन्हुया जीवन हे वेश ।

धन सम्पत्ति मुनेगु तातुनाः प्रमादी जुया बी । सुखया कामना यानाः काम विषय दुने जक आसक्त जुयाच्वनी । थुकीयात हे सुख तायेकी । अले अन हे ततःमतः क्यनी । आसक्ति व प्रमादीया कारणं तृष्णाया जंजालय् तक्यनी । थुकी सुख तायेकूसां दुःखया लँपुइ यंकाच्वनी । तर धाथेंगु सुख प्राप्त यायेत आसक्ति व प्रमादीयात त्वःते माःगु खँ तथागतं धयाबिज्याःगु दु । बुद्धकालय् वसंपोलं जेतवन विहारय् थुगु खँ धयाबिज्याःगु खः प्रमादी जुइ मते । काम विषयलय् आसक्त जुइमते । अप्रपादी जुयाः ध्यान यात धाःसा विपुल सुख प्राप्त जुइ । थुगु खँ धम्मपदया अप्रमाद वर्गय् दुथ्याकातःगु दु ।

सुख प्राप्तिया लागिं धन मुनिगु खः । समाजय् प्रतिस्थित जुइत तःमि जुइगु खः । तर धनय् आसक्ति ब्वलनकि उगु धन थःयात माःगु इलय् नं छ्यलेफइ-मखु । थन मठ्ठकुण्डलीया जीवनीयात लुमंकेछिं । बुद्धकालय् छम्ह महाजनया काय् खः मठ्ठकुण्डली । अतिकं श्रीसम्पत्ति दुम्ह । नगरया छम्ह सेठ, तर अय्नं उम्ह सेठ अतिकं लोभी । धन जक मुनेत स्वइम्ह । थःगु धन फुइ धकाः ग्याःम्ह । थः चीमि जुइ धकाः भय दुम्ह । उकिं थः याकःकाय् ल्वचं कलं वं वासः मयाकू । वैद्य क्यनकि ध्यबा फुइ धकाः वैद्य तकं मसतू । विचरां मठ्ठकुण्डली वासः याये मखना सिनावन । थन तःमिम्ह सेठया काय जूसां मठ्ठकुण्डलीयात छुं फाइदा मजुल । धन दःसां अभागी सरह जूंवन । उकिं धन जक मुनाः तःमि जुइगु मखु । माःथाय् माःकथं थःगु धन छ्यलेफुम्ह अले थःगु कर्तव्य पूवंके सःम्ह जक तःमि जुइ । वहे भाग्यमानी नं जूवनी ।

धाइ धनं भाग्य हिली । तःमि जूसा याउँक जीवन न्ह्याइ । तर थन अर्बौं सम्पत्ति दयाः नं भोग याये मखंपिं दु । थःगु सम्पत्तियात स्वस्वं जीवन फुकाच्वंपिं दु । अभ्र धन जक मुमुं कालया म्हुतुइ थ्यंकः वंपिं दु । थुकथं थःगु जीवनया मू हे मथूपिंत गुकथं तःमि धायेगु ? अले गुकथं भाग्यमानी जुइगु ? धन मुनाः जक भाग्यमानी जुइगु मखु । भोग याइम्ह जक भाग्यमानी जुइ धइगु खँ सिरि जातकय् नं न्ह्यथनातःगु दु । थुकी धयातःगु दु । थुकी



Downloaded from http://www.dhamma.digital

धयात:गु दु- अभाग्यपिं उत्सुक जुयाच्वनी ।तर उकीयात भोग याइपिं धा:सा भाग्यमानीपिं जक जुयाच्वनी ।

पाप कर्म मुंगु धनं गबलें सुख प्राप्त जुइमखु । थुकिं थीथी कथंया भय ब्वलनेय: । पापीयात गबलें सुख जुइमखु धइगु तथागतं चुन्दसुकरिकयात थथे धयाबिज्या:गु दु– पापी मनूयात इहलोक व परलोक निगुलिं लोकय् शोक जुइ । थम्हं यानागु  खराब ज्या खंका थ:थम्हं दु:खी व पिडित जुइ । तर पुण्यवान् जुया: बांलाक धर्मया आचरण याये फ:सा सदां सुख जुइ । थुगु खँ तथागतं जुजु शुद्धोदनयात धयाबिज्या:गु ख: - धर्मआचरण बांलाक यायेमा: । दुराचरण याये मजिउ । धर्म आचरण याइम्ह पुरुषयात इहलोक व परलोक निथासं सुखं जीवन हने फइ ।

म्हिग: तक छगू लख दां दुम्ह लखपतिया धलखय् ला: । तर थौं लखौंलख दां दुम्ह लखपतिया धलखय् ला: । तर थौं लखौंलखया मू मदु । उकिं धाथें आपा: धन दयेवं त:मि जुइगु मखु । भौतिक सम्पत्ति आपा: दयेवं याउँक जीवन हनेफइगु मखु । थुकिं जीवनयात सदां ल्यंका तइगु नं मखु । तथागत बुद्धं क्यनाबिज्या:गु लँपुइ न्ह्या:वने फुम्ह जक धाथें त:मिम्ह अले यक्व सम्पत्ति दुम्ह जुइ । ❖

*आवरण चित्र परिचयको बाँकी अंश ... ...*

यति भन्नुहुँदै भगवान् बुद्धले भन्नुभयो– “भिक्षुहरू ! मप्रति तिमीहरूले पनि भिक्षु तिस्सले जस्तै स्नेह र श्रद्धा राख्न सिक्नु ।”

**“गन्धमालादीहि पूजं करोन्तापि नेव मं पूजेन्ति ।”**

- “जसले गन्धमाला आदिबाट मलाई पूजा गर्छ, त्यसलाई मैले सही पूजा मान्दिन ।”

**“धम्मानुधम्मं पटिपज्जमानायेव पन मं पूजेन्ती’ति ।”**

*(-ध.प. अट्ठकथा २.१५५. तिस्सथेरवत्थु)*

- “धम्मानुधम्मद्वारा प्रतिपादन गर्ने व्यक्तिले मात्र मलाई ठीक तरिकाले पूजा गरेको हुन्छ ।”

भिक्षु तिस्सले यही पूजा गर्दै भगवान् बुद्धको जीवित अवस्थामा नै अरहन्त हुन सफल भए ।

आउ साधकहरू ! भगवान् बुद्धको यस वाणीलाई स्मरण गर्दै बारम्बार यसलाई दृढ निश्चय गरौं ।

**“धम्मानुधम्म पतिपत्तिया बुद्धं पूजेमि”**

- धर्मानुधर्मद्वारा प्रतिपादन गर्दै मैले बुद्धलाई पूजा गर्नेछु । ❖


**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :*
*वि.सं. १९८६ चैत्र १३ गते*
*बुधवार, द्वादशी*

*मदुगुन्हि :*
*वि.सं. २०७२ मंसीर २१ गते*
*मंगलवार, सप्तमी*

## दिवंगत गंगालक्ष्मी शाक्य

**हनेवह:म्ह, समाजया थकालिम्ह, अजी गंगालक्ष्मी शाक्य (आजु जगत बहादुर शाक्यया जहान) ८७ दँया वैशय् आकाझाकां नश्वर देह त्याग याना बिज्या:गुलिं वसपोलया सद्गति व निर्वाण कामना यासें पुण्यानुमोदन याना । शोक सन्तप्त परिवारं धैर्य धारण सहित अनित्ययात बोध याय् फय्मा धका: मैत्रीयुक्त कामना यानाच्वना ।**

**भोजपुर टक्सार शाक्य समाज**
**परिवार, यल**




Downloaded from http://www.dhamma.digital

# King Banyan Deer – 6
## [Chapter 1. Compassion]



Once upon a time, an unusual and beautiful deer was born in the forests near Benares, in norhtern India. Although he was as big as a young colt, it was easy for his mother to give birth to him.When he opened his eyes, they were as bright as sparkling jewels. His mouth was as red as the reddest forest berries. His hoofs were as black as polished coal. His little horns glistened like silver. And his color was golden, like a perfect summer's dawn. As he grew up, a herd of 500 deer gathered around him, and he became known as king Banyan Deer.

Meanwhile, not far away, another beautiful buck deer was born, just as splendidly golden in color. In time, a separate herd of 500 deer came to follow him, and he was known as Branch Deer.

The king of Benares at that time, was very fond of eating venison. So he regularly hunted and killed deer. Each time he hunted, he went to a different village and ordered the people to serve him. They had to stop what they were doing, whether plowing or harvesting or whatever, and work in the king's hunting party.

The people's lives were upset by these interruptions.

They grew less crops, and other businesses also had less income. So they came together and decided to build a large deer park for the king, at Benares. There he could hunt by himself, with no need to command the services of the villagers.

So the people built a deer park. They made ponds where the deer could drink, and added trees and grasses for them to



Downloaded from http://www.dhamma.digital

eat from. When it was ready, they opened the gate and went out into the nearby forests. They surrounded the entire herds of Banyan and Branch deer. Then, With sticks and weapons and noise makers, they drove them all into the deer park trap, and locked the gate behind them.

After the deer had settle down, the people went to the king and said,"Our crops and income have suffered because of your hunting requirements. Now we have made you a pleasant safe deer park, where you can hunt by yourself as you like. With no need of our aid, you can enjoy both the hunting and the eating of deer."

The king went to the new deer park. There he was pleased to see the vast herds. While watching them, his eye was caught by the two magnificent golden deer, with large fully grown antlers. Because he admired their unusual beauty, the king granted immunity to these two alone. He ordered that they should be completely safe. No one could harm or kill them.

Once a day the king would come and kill a deer for his dinner table. Sometimes, when he was too busy, the royal cook would do this. The body woud then be brought to the chopping block to be butchered for the oven.

Whenever the deer saw the bow and arrows, they went into a panic, trembling for their lives. They ran around wildly, some being injured and some wounded, many suffering great pain.

One day, king Banyan Deer's herd gathered around him. He called Branch Deer, and the two herds joined for a meeting. King Banyan Deer addressed them. "Although in the end, there is no escape from death, this needless suffering due to injuries and wounds can be prevented. Since the king only wishes the meat of one deer per day, let one be chosen by us each to submit himself to the chopping block. One day from my herd, and the next day from Branch Deer's herd, the victim's lot will fall to one deer at a time."

Branch Deer agreed. From then on, the one whose turn it was, meekly surrendered himself and laid his neck on the block. The cook came each day, simply killed the waiting victim, and prepared the king's venison.

One day, the turn fell by chance to a pregnant doe in Branch Deer's herd. Caring for the others as well as herself and the unborn one, she went to Branch Deer and said, "My lord, I am pregnant. Grant that I may live until I have delivered my fawn. Then we will fill two turns rather than just one. This will save a turn, and thereby a single life for one long day."

Branch Deer replied, "No, no, I cannot change the rules in midstream and put your turn upon another. The pregnancy is yours, the babe is your responsibility. Now leave me."

Having failed with Branch Deer, the poor mother doe went to king Banyan Deer and explained her plight. He replied gently, "Go in peace. I Will change the rules in midstream and put your turn upon another."

And the deer king went to the executioner's block, and laid down his own golden neck upon it.

— ❂ —

A silence fell in the deer park. And some who tell this story even say, that silence also fell in other worlds not seen from here.

— ❂ —



Downloaded from http://www.dhamma.digital

Soon the royal cook came to kill the willing victim on the block. But when he saw it was one of the two golden deer the king had ordered spared, he was afraid to kill him. So he went and told the King of Benares.

The king was surprised, so he went to the park. He said to the golden deer, still lying on the block, "Oh king of deer, did I not promise to spare your life? What is the reason you come here like the others?"

King Banyan Deer replied, "Oh king of men, this time a pregnant doe was unlucky enough to be the one to die. She pleaded for me to spare her, for the sake of others as well as her unborn baby and herself. I could not help but feel myself in her place, and feel her suffering. I could not force the pain of death on another, relieved to think it was not his turn today. So, mighty king, I offer my life for the sake of the doe and her unborn fawn. Be assured there is no other reason."

The king of Benares was overwhelmed. Powerful as he was, a tear rolled down his cheek. Then he said, "Oh great lord, the golden king of deer, even among human beings, I have not seen such as you! Such great compassion, to share in the suffering of others! Such great generosity, to give your life for others! Such great kindness and tender love for all your fellow deer ! Arise. I decree that you will never be killed by me or anyone else in my kingdom. And so too, the doe and her babe."

Without yet raising his head, the golden one said, "Are only we to be saved? what of the other deer in the park, our friends and kin?" The king said, "My lord, I cannot refuse you, I grant safety and freedom to all the deer in the park." "And what of the deer outside the park, will they be killed?" asked Banyan. "No my lord, I spare all deer in my whole kingdom."

Still the golden deer did not raise up his head. He pleaded, "So the deer will be safe, but what the other four-footed animals do?" "My lord, from now on they too are safe in my land." "And what of the birds? They too want to live." "Yes, my lord, the birds too will be safe from death at the hands of men." "And what of the fish, who live in the water?" "Even the fish will be free to live, my lord." So saying, the king of Benares granted immunity from hunting and killing to all the animals in his land.

Having pleaded for the lives of all creatures, the Great Being arose.

*to be continue ... ...*

**धर्मप्रचार समाचार**

## मैत्री बोधिसत्व महाविहारया बुद्धपूजा

*२०७३ मंसिर २२ गते,*
*ने.सं. ११३७ थिंलाथ्व, बखुँमद अष्टमी ।*

यसदिन श्रद्धेय वीर्यवती गुरुमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजनले भजन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रमा उपस्थित हुनुभएका सबै लाई जलपाल प्रायोजन गर्नुहुने दाताहरूको नाम यसरी रहेको थियो ।

- पुष्पबहादुर, सुवर्ण केशरी चित्रकार प्रमुख सपरिवार
- रत्नप्रभा ताम्राकार प्रमुख सपरिवार

कार्यक्रममा जलपाल दाता सुवर्णकेशरी चित्रकारबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई सहयोगार्थ रु. ५,००० चन्दा प्रदान गरी पुण्य सञ्चय गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## विषयः दान वर्ग (अंगुत्तर निकाय, दुक निपात) *सूत्र नं. १४४ देखि १४९*

*२०७३ कार्तिक २० गते, शनिवारीय (८८ औं) कक्षा*
*प्रवचक- श्री मदन रत्न मानन्धर*
*रिपोर्टर- सुनिता शाक्य*

***सूत्र नं.** १४४*

भगवान शास्ताले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो– भिक्षुहरूले दुई प्रकारले त्याग गर्छन्। भौतिक त्याग र धार्मिक त्याग (चाग)। जसमा धार्मिक त्याग नै सर्वश्रेष्ठ छ। भौतिक त्याग भन्नाले आफूसंग भएको वस्तुहरूको त्याग गर्नु हो। तर धार्मिक त्याग भन्नाले धर्म (कुशलकर्म/व्यवहार) को लागि घरवार, परिवार, कामको त्याग गर्नु हो।

***सूत्र नं.** १४५*

भगवान् बुद्धले फेरि भन्नु भयो भिक्षुहरू दुई प्रकारको परित्याग गर्छन्। भौतिक परित्याग र धार्मिक परित्याग (परिच्चागं): कुनै वस्तुहरू माथिको अधिकार पूर्ण रूपले त्याग्नुलाई भौतिक परित्याग भनिन्छ। धार्मिक परित्याग भन्नाले सुकर्मको लागि गरिने धार्मिक कार्यलाई भनिन्छ।

भिक्षुहरू भौतिक परित्याग भन्दा धार्मिक परित्याग सर्व श्रेष्ठ छ।

***सूत्र नं.** १४६*

भिक्षुहरू दुई प्रकारको भोग गर्छन्। जस अर्न्तगत भौतिक भोग भन्दा धार्मिक भोग नै सर्वश्रेष्ठ छ।

भोग भन्नाले भोगाई, प्रारव्ध (भाग्य) भनेर बुझ्न सकिन्छ जस्तैः भौतिक भोग भन्नाले प्रत्यक्ष देखिने र अनुभव गर्न सकिन्छ। उदाहरणको लागि प्रत्यक्ष देखिने घर, सम्पत्ती र परिवार इत्यादि। धार्मिक भोग भन्नाले अभ्यास, अनुभव, आध्यामिक चिन्तन मनन, पवित्ररूपले शीलवान भई शुद्धरूपले महशुश गर्नु हो। अर्को अर्थमा भन्ने हो भने सम्यक् दृष्टि। धारणा र व्यवहार हो। जसको प्रतिफल छायाँ सरि राम्रो परिणाम पछाडी पछाडी आउँछ।

***सूत्र नं.** १४७*

भिक्षुहरू दुई प्रकारको संभोग गर्छन्। भौतिक संभोग र धार्मिक संभोग। यि दुई मध्ये धार्मिक संभोग उत्तम अथवा सर्वश्रेष्ठ छ।

संभोग भन्नाले उपभोग गर्नु, सहिरूपले प्रयोग गर्नु, समान रूपले प्रयोग गर्नु हो। कसैलाई पनि घट्बढ नगरिकन समान रूपले अर्थात् बराबर गरि उपयोग गर्नु हो। कुनै वस्तुहरू संचय नगरिकन सबैको हितमा समान रूपले उपभोग गर्नु भौतिक संभोग हो भने धर्म अर्थात् कुसल कर्मलाई सहिरूपले, सम्यक् रूपले उपभोग गर्नु अथवा नकारात्मकलाई हटाएर सकारात्मक विचार गर्नु नै धार्मिक संभोग हो।

***सूत्र नं.** १४८*

भिक्षुहरू दुई प्रकारको वितरण छन्। भौतिक वितरण र धार्मिक वितरण। यि दुई वितरण मध्य धार्मिक वितरण सर्वश्रेष्ठ छ।

वितरण भन्नाले बाँड्नु, सहिरूपले त्याग गर्नु, अरुलाई दिनु हो। कुनैपनि भौतिक वस्तुहरू अरुहरूको हितको लागि अथवा प्रयोजनको लागि दिनु नै भौतिक वितरण हो भने धार्मिक प्रवचन, अध्यामिक चिन्तन मनन, आफूले बुझेको अरुहरूको लागि बुझाई दिनु, ज्ञान बाँड्नु नै सहि वितरण अथवा धार्मिक वितरण हो।

***सूत्र नं.** १४९*

भिक्षुहरू दुई प्रकारको संग्रह छन्। भौतिक संग्रह र धार्मिक संग्रह छन्।

भिक्षुहरू संग्रहहरूमा पनि धार्मिक संग्रह नै उत्तम अथवा सर्वश्रेष्ठ छ।

संग्रह भन्नाले संकलन, जम्मा गर्नु हो।

भौतिक संग्रह भन्नाले प्रत्यक्ष देखिने वस्तुहरू जम्मा गर्नु हो। तर धार्मिक संग्रह भन्नाले सक्दो धर्म, ज्ञान, कुसलकर्म प्राप्त गरेर जीवनमा उपभोग गर्ने, उपयुक्त ज्ञानलाई संचय, संग्रह र संकलन गर्ने, अध्ययन गर्ने प्रत्यक्ष अनुभव गर्नु हो। यसरी धार्मिक संग्रह गर्ने कार्यले श्रोतापन्न, सकृदागामि, अनागामि र अर्हन्त मार्गफल सम्म पनि पुराउँन सक्दछ।



Downloaded from http://www.dhamma.digital

## धर्म र शान्ति

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राज भाइ तुलाधर*

देवकाजी शाक्यज्युले हालसालै गर्नु भएको बिदेश भ्रमणको सिलसिलामा विभिन्न ठाउँ भएको धर्म सम्वन्धी सम्मेलनहरूमा पनि भाग लिनु भएको थियो ।

दक्षिण कोरियामा भएको बौध्द सम्मेलनमा वहाँले पाउनु भयो कि बुध्द धर्म वाहेकका धर्म गुरुहरूले शान्ति भनेको ईश्वर, अल्लाह या इशाले चाह्यो भने मात्रै आउँछ भन्ने विश्वास गर्दा रहेछन् । त्यसको जवाफमा वहाँले शान्ति व्यक्ति व्यक्तिबाट आउँछ भन्नु भयो ।

बुध्दधर्म अनुसार शान्तिको लागि प्रत्येक व्यक्ति आफै प्रयत्नशील हुनु पर्दछ । शान्ति कुनै अदृष्य शक्तिले ल्याइदिने होइन । व्यक्ति शान्त भयो भने परिवार शान्त हुन्छ, परिवार शान्त भयो भने समाज, समाज शान्त भयो भने देश, देश शान्त भयो भने विश्व नै शान्तिमय हुन्छ । अरुले लादेर शान्ति आउँदैन ।

एकजना सहमागीले नेपालमा ८० प्रतिशत भन्दा बढी जनता हिन्दु भएकोले नेपाललाई हिन्दु राष्ट्र किन भन्न नहुने भनेर प्रश्न गर्दा वहाँले सबै धर्मलाई समान व्यवहार गर्नु पर्ने हुनाले धर्म निरपेक्ष गर्नु नै उचित भएको भन्नु भयो । जबसम्म धर्म धर्मको वीचमा समानता, सहअस्तित्वको भावना आउँदैन तवसम्म विश्वमा शान्ति आउन सक्दैन । विभेद (Discrimination) अशान्तिको मूल कारण हो ।

बुध्दको अनुसार त धर्म भनेको बौध्द, हिन्दु, मुस्लिम, इशाई या अरू कुनै होइन, यो त सम्यक रूपमा असल तरिकाले जीवन जिउने कला हो । असल तरिकाले जिउन मन, वचत र कर्म शुध्द छ भने उ साँच्चिकै धार्मिक व्यक्ति हुनेछ ।

भारतको गुजरातमा भएको सम्मेलनमा शुरुमा नै उद्घोषकद्धारा भगवान बुध्द भारतको लुम्बिनीमा जन्म भएको भनेर प्रस्तुत गरिएको थियो । देवकाजी शाक्यज्युले आफ्नो बोल्ने पालो आउँदा यसको प्रतिवाद गर्नुभयो । वहाँले आफू बुध्द जन्मेको देश नेपालको प्रतिनिधि भनेर प्रस्तुत गर्दै भन्नुभयो बुध्दधर्मको उद्गम स्थल लुम्बिनी अवश्य हो तर लुम्बिनी भारतको होइन नेपालको हो । यो कुरालाई लिएर एकजना अमेरिकी बौध्द स्वयंसेवकसँग वहाँको कडा वादविवाद समेत भएको थियो । त्यो अमेरिकी बुध्द नेपालमा जन्मेको भन्नेको कुरा मान्न तयार थिएन ।

बुध्दले आफ्नो अन्तिम जन्ममा छ वर्ष तपस्या गरेको प्रभावले मात्रै बोधिज्ञान प्राप्त गरेको नभएर अनेकौं जन्मदेखि पारमिताहरू पूरा गर्दै आउनु भएको थियो । जन्मेको बेलामा नै बुध्द असाधारण गुणहरूले सम्पन्न हुनुहुन्थ्यो । त्यसैले बुध्द जन्मेको ठाउँ नेपालको लुम्बिनी नै बुध्दधर्मको उद्गम स्थल हो ।

बुध्दले प्रतिपादन गर्नु भएको धर्म कुनै व्यक्ति विशेष, जात विशेष अथवा देश विशेषको लागि नभएर यो सम्पूर्ण मानवजातिको हित, सुख र कल्याणको लागि हो । धर्मको वास्तविक अर्थ बुझेर त्यसलाई राम्ररी पालन गरेको खण्डमा कसैको कृपा विना संसारमा स्वतःशान्ति आउनेछ ।

## बिषयः संयुक्त निकाय

*२०७३ पूष २ गते, शनिवाः*

*प्रसतुती- सुमित्रा तुलाधर*

थ्व दिनय् श्रद्धेय शान्त मैत्री भन्तेनं सयुक्त निकाय् या “साधु सुत्त” धर्मया बाँलागु लँपु धैगु अर्थ ब्याख्यायाना बिज्यात ।

पुण्य योपिसं पुण्यया फल थूपिसं महापुरुषपिन्त दान बिई । दान बिई धैगु अपु मजू । मनूतय्सं दुःख सिया हिचःति हायुकाः कमय् यानाः मुंका तःगु ध्येबा, सम्पत्ति, वस्तु दान बिइ अपु मजू । पञ्च इन्द्रिये भुलय् जुयाः दान ब्यूगु बेहोसी (प्रमादी) जुयाः ख । दान यायेत दकले न्हापां थःगु मनयात युद्ध, संघर्ष यानाः मनयात त्याकाः दान बिई । थथे मनलिसे संघर्ष यानाः त्याकाः दान बिइबले थःत तसकं हर्ष जुई । गथे - छगू पुखुली लःया भेद तछ्यानाः पुखुलिं पिहाँ वय्थें खः । यदि भीके श्रद्धा आपाः दुसा लोभ कम जुइ, दान बिइगु इच्छा बढ्य् जुइ । दान बिइबले मन परिशुद्ध याना दान ब्यूसा बाँला । थ्व धैगु थःगु मेहनतं कमाय्याना तःगु बस्तु सम्पत्ति चित्त परिशुद्ध यानाः दान बिइगु । मेपिन्त छलकपट याना, हिंसा याना, ब्यूगु दान परिशुद्ध दान जुइमखु । शुध्द मनं मेपिन्त छलकपट मयासे, हिंसा मयासे दान बिइगु ‘धम्मलदस्स’ दान खः । दान बिइगु नं पूजा याये योग्यपिं खःमखु छुट्ययानाः ल्ययाःल्ययाः बिइ । गथे - भिंगु पूजातयाः प्यूगु फल भिंगु, बाँलाःगु फल सइथें खः । दान ब्यूम्ह व्यक्तियाता सकस्यां यई, मद्दत याइ, मेगु जन्मयनं कर्म बाँलाई बाँलाःगु संस्कार बनय् जुई । दान मयाइपिन्त कर्पिसं मद्दत याइमखु । भगवान बुद्धं प्रशंसायाना तःपिन्त दान बिइगु योग्य जू । श्रद्धा, सम्पत्ति, व्यक्ति थ्व स्वंगू नँ गबलें स्थिर जुइमखु । दान बिइत थ्व स्वतां चूलाःगु जुइमाः ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको वार्षिक प्रतिवेदन

## (वि.सं. २०७२ श्रावण – २०७३ आषाढ मसान्त)

*प्रस्तुती*- **सचिव प्रेमलक्ष्मी तुलाधर,** धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन

वि.सं २०६३ आषाढ २७ गते स्थापित धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन भिक्षुणी धम्मवतीको अध्यक्षतामा दि. संस्थापक उपाध्यक्ष जुजुभाई शाक्यको सक्रियतामा सञ्चालन भइरहेको थियो। संगीतको माध्यमबाट बुद्धधर्म प्रचार प्रसार गर्ने लक्ष लिई सञ्चालन भइरहेको यस भजन हाल गुरु पन्नाकाजी शाक्यको नेतृत्व, उपाध्यक्ष श्याममान बज्राचार्य, कोषाध्यक्ष बुद्धरत्न कसाः आदिको सहयोगबाट संचालित छ । यसको साथै हार्मोनियम, तबला, तिंछु बजाउनु हुने गुरु पन्नाकाजी शाक्य, बुद्धरत्न कसाः, शिव शाही, बुद्धरत्न महर्जन, लक्ष्मण तुलाधर, मानकृष्ण, प्रेमलक्ष्मी, शीला तुलाधर, रीता महर्जन, अष्टमाया महर्जन, रत्न महर्जन, प्रतिमा मानन्धर, अनिता शाक्य, सूर्यशोभा शाक्य, केशरी शाक्य, नानीछोरी डंगोल, ज्ञानीहेरा तुलाधर आदिको सक्रियतामा सञ्चालन भइरहेको धर्मकीर्ति ज्ञानमाला भजनले बुद्धधर्म सम्बन्धि विभिन्न कार्यक्रमहरूको निमन्त्रणा स्वीकारी भजन गरिरहेको छ ।

अब आउने वर्षमा पनि वर्षको दुईपटक विभिन्न विहारहरूमा भजन प्रस्तुत गर्ने निर्णय गरिएको छ ।

**धर्मकीर्ति बौद्ध ज्ञानमालाको गतिविधि यसरी रहेको छ –**

| क्र.सं. | मिति | भजन सञ्चालन भएको उपलक्ष्य | स्थान |
|---|---|---|---|
| १. | २०७२/४/२ | धर्मकीर्ति विहारको स्वर्ण महोत्सव | क्षेत्रपाटी पार्टी प्यालेस |
| २. | २०७२/४/१० | भिक्षुणी धम्मवतीको ८२ औं जन्मोत्सव | धर्मकीर्ति विहार |
| ३. | २०७२/४/१५ | गुरुपूर्णिमा, गुरुपूजा | धर्मकीर्ति विहार |
| ४. | २०७२/४/२८ | श्रद्धाञ्जलि सभा (दि. आनन्दमानसिं तुलाधर) | आनन्दमानसिं तुलाधरको घर |
| ५. | २०७२/५/२ | नकर्मी समाजबाट संचालित पुण्यदान कार्यक्रम, उपासक सानु मानन्धरबाट धर्मकीर्ति ज्ञानमालालाई रु. २०००/- चन्दा प्रदान ।<br>सचिव प्रेमलक्ष्मी तुलाधरबाट दातालाई खादा ओढाई भजन सि.डि. अर्पण । | धर्मकीर्ति विहार |
| ६. | २०७२/५/५ | भारतीय राजदूत रंजित रेलाई स्वागत | धर्मकीर्ति विहार |
| ७. | २०७२/५/२८ | दि. श्रद्धेय भिक्षु अमृतानन्द दिवंगत भएको २५ वर्षको पुण्य तिथि | श्रीघः विहार |
| ८. | २०७२/६/४ | मासिक बुद्धपूजा<br>उपासिका नीलशोभा तुलाधरबाट भजनलाई रु. ५,०२५/- रकम चन्दा | मैत्री बोधिसत्व विहार, जमल |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| ९. | २०७२/६/२१ | उपासिका कृष्णदेवी महर्जनको श्रीमान् मचाम महर्जनको सुगति तथा निर्वाण कामना गरी संचालित महापरित्राण पाठ कार्यक्रममा दाता परिवारबाट भजनलाई रु. ५,०००/- चन्दा प्रदान । भजन समूहबाट दाता परिवारलाई जप चैत्य एक थान प्रदान । | कुलेश्वर |
| १०. | २०७२/६/२३ | दिवंगत माता सानुमैयाँको निर्वाण कामना गरी पुत्री विमला ताम्राकारबाट भजनलाई रु. ३,०००/- चन्दा प्रदान । दातालाई भजनबाट जप चैत्य प्रदान । | मरु |
| ११. | २०७२/६/२७ | लक्ष्मीनानी न्यत पुचःबाट संचालित महापरित्राण कार्यक्रममा उक्त समूहले ज्ञानमाला भजनलाई सि.डि.को लागि रु. ४,०००/- चन्दा प्रदान । | धर्मकीर्ति विहार |
| १२. | २०७२/७/४ | मासिक बुद्धपूजा | मैत्री बोधिसत्व विहार, जमल |
| १३. | २०७२/७/२८ | कथिन दान/उपासिका श्रीमिला सुवालबाट भजनको लागि रु. २,०००/- चन्दा प्रदान । | पद्मसुगन्ध विहार |
| १४. | २०७२/७/३० | त्रिरत्नकीर्ति विहार कीर्तिपुरमा कथिन दान | कीर्तिपुर |
| १५. | २०७२/८/३ | मासिक बुद्धपूजा | मैत्री बोधिसत्व विहार, जमल |
| १६. | २०७२/९/३ | मासिक बुद्धपूजा | मैत्री बोधिसत्व विहार, जमल |
| १७. | २०७२/१०/३ | मासिक बुद्धपूजा/जलपाल दाता कान्छीमाया शाक्य, राजेन्द्र शाक्यबाट स्पीकर २ थान, आयम्प १ थान ज्ञानमाला भजनलाई प्रदान | मैत्री बोधिसत्व विहार, जमल |
| १८. | २०७२/१०/२४ | ध.की.ज्ञा.भजनका उपसचिव रामेश्वरी महर्जनका पिता दि. आशानारां महर्जनको पुण्यस्मृतिमा दाता परिवारले भजनलाई रु. ५,०००/- चन्दा प्रदान | बनस्थली |
| १९. | २०७२/११/३ | मासिक बुद्धपूजा, दाता श्याममान बज्राचार्यबाट भजनलाई रु. २,६७५/- | मैत्री बोधिसत्व विहार, जमल |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| २०. | २०७२/११/९ | उपसंघनायक भिक्षु कुमार काश्यप महास्थविरको चारौं पुण्य तिथि/भिक्षु कौण्डञ्ञबाट भजनलाई रु. ५,०५५/- चन्दा प्रदान | बुद्ध विहार, भृकुटी मण्डप |
| २१. | २०७२/१२/४ | मासिक बुद्धपूजा, जलपान दाता कमलशोभा, दानकेशरी पुचःबाट भजनलाई रु. १,०००/- चन्दा प्रदान | मैत्री बोधिसत्व विहार, जमल |
| २२. | २०७२/१२/२० | ज्ञानमाला भजन स्वयम्भूको निमन्त्रणा | स्वयम्भू |
| २३. | २०७२/१२/३० | मासिक बुद्धपूजा | मैत्री बोधिसत्व विहार, जमल |
| २४. | २०७३/१/२ | मासिक बुद्धपूजा, दाता पूर्णहेरा पुचःबाट भजनलाई रु. २,०००/- चन्दा प्रदान | मैत्री बोधिसत्व विहार, जमल |
| २५. | २०७३/१/१६ | महापरित्राण पाठ | किण्डोल विहार, स्वयम्भू |
| २६. | २०७३/१/३० | मासिक बुद्धपूजा | मैत्री बोधिसत्व विहार, जमल |
| २७. | २०७३/२/२५ | उपासिका सानुमैयाँ मानन्धरको निमन्त्रणा/दाताबाट भजनलाई रु. २,२००/- रकम चन्दा प्रदान । | धर्मकीर्ति विहार |
| २८. | २०७३/३/२८ | मासिक बुद्धपूजा, जलपान दाता पञ्चवीर सिंह तुलाधरबाट भजनलाई रु. १,०००/- चन्दा प्रदान | मैत्री बोधिसत्व विहार, जमल |

## बुद्ध सम्वन्धी केही जानकारीहरू –

- ★ भिक्षु आनन्दप्रति **उत्तरा** उपासिका मोहित भएकी थिइन् ।
- ★ भिक्षु आनन्दको प्रयत्नले स्त्रीहरू भिक्षुणी हुन पाएकी थिइन् ।
- ★ बुद्ध शासनमा सबभन्दा पहिले भिक्षुणी हुने बुद्धकी कान्छी आमा प्रजापति गौतमी थिइन् ।
- ★ बुद्धकी आमा महामायादेवी आफ्नै सौता प्रजापति गौतमीकी साखे दिदी थिइन् ।
- ★ **प्रजापति गौतमी** - कपिलवस्तुकी रानी, प्रथम भिक्षुणी । पिताः अन्जन । आमा : यशोधरा । पति : शुद्धोदन । दाइहरू : सुप्रबुद्ध र पुण्डरिक । दिदी : महामायादेवी । छोरो : नन्दकुमार । छोरी : नन्दाकुमारी । माइतिघर : देवदह ।

*(साभार- बौद्ध दर्पण)*

★ **यो रुप जीर्ण भएर जाने, रोगको घर अत्यन्त क्षण भंगुर गन्हाउने शरीर छुटेर मरणमा जीवनको अन्त्य हुनेछ ।**

*- धम्मपद*



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — **समाचार**

# अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागी नेपाली नेपाल फिर्ता

*प्रस्तुती-* **माधब पौडेल**

नोभेम्वर २७ र २८ का दिन भारतस्थित गुजरातको गान्धिनगरमा अन्तराष्ट्रिय बौद्ध सममेलनको आयोजना गरिएको समाचार छ। प्राप्त समाचार अनुसार उक्त सम्मेलनमा विभिन्न १५ राष्ट्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। सेमिनारमा नेपालको तर्फबाट सुलक्षण कीर्ति विहार चोभारगेट, कीर्तिपुरकी प्रमुख भिक्षुणी डा. अनोजा गुरुमां, बिएल्आईए नेपाल शाखाबाट अध्यक्ष देवकाजी शाक्य र सदस्य माधुरी शाक्यले प्रतिनिधित्त्व गर्नुभएको थियो।

२ दिनसम्म चलेको उक्त सम्मेलनमा कम्बोडियाका राजकुमार र राजकुमारीले नेपालमा जन्मेका बुद्धको शान्तिको शन्देशलाई विश्वभर फैलाउनु पर्ने बताएका थिए। उक्त कार्यक्रममा नेपालबाट सहभागी सुलक्षण कीर्ति विहार चोभारगेट, कीर्तिपुरकी प्रमुख भिक्षुणी डा. अनोजा गुरुमांले मानव जीवनको लागि बुद्ध दर्शन र धर्म आजको समयमा झनै लाभदायक हुने बताउनु भएको थियो। उक्त कार्यक्रममा भारतका तर्फबाट सहभागी प्रतिनिधिहरूले बुद्ध भारतमा जन्मेका हुन् भनी राखिएको मन्तव्यलाई खण्डन गर्दै नेपालबाट उक्त सम्मेलनमा सहभागी नेपालीहरूले भगवान् बुद्ध नेपालको लुम्बिनीमा जन्मनु भएको सत्य तथ्य कुरा अगाडीसारी कार्यक्रममा सहभागी सबैको भ्रम हटाउन सफल भएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ।

# सुलक्षण कीर्ति विहारको अगुवाईमा बाटो सरसफाई

कीर्तिपुर नगरपालिका २०५३ सालमा नगरपालिका भए तापनि विकाश निर्माणको सवालमा नेपालका अन्य नगरपालिकाको तुलनामा अलि पछाडि नै परेको देख्न पाईन्छ। बाटोघाटो, सडक, खानेपानीको क्षेत्रमा यस नगर पालिकाक्षेत्रमा उल्लेखनिय कार्यहरूको नमुना दिनुपर्दा सम्झन लायक कार्यहरू सायदै छन् होला भन्नु पर्ने अवस्था आउँछ। कीर्तिपुर नगरपालिकाबाट अन्यक्षेत्रमा जोड्ने बाटोहरूको अवस्था नाजुक नै रहेको देख्न पाईन्छ। चाहे त्यो सागलबाट चिहान हुँदै नैकाप निस्कने बाटो होस् या धुलो वा खाल्टाखुल्टीमा जोगिने मातातिर्थतिर निस्कने बाटो होस् यात त्रिविको आर्युवेद क्याम्पस हुदै सुन्दरीघाट निस्कने बाटो वा पुल नै किन नहोस्। हिंड्न हुने बाटोहरू पनि झाडी र फोहोरहरूले हिंड्न नसक्ने भएका छन्, दुर्व्यसनीहरू लुक्ने अखडा भएका छन्। त्यस्तै बाटो बनेको छ त्रिविको आर्युवेद क्याम्पस हुँदै सुन्दरीघाट निस्कने बाटो, केहि दिन अगाडि झाडिमा लुकेको समुहले बाटो हिड्ने बटुवाको झोलामा रहेको रकम लुटेर बटुवाको बिचल्ली देखेका थिए। स्थानिय बासिन्दाले यो कुरा कानमा परेपछि कीर्तिपुर चोभारगेटमा रहेको सुलक्षण कीर्ति विहारकी प्रमुख भिक्षुणी डा. अनोजा गुरुमांले फेरि आट्नु भयो उक्त बाटोको सरसफाई गर्न।

बिगत १५ बर्षदेखि उक्त बाटोलाई अनोजा गुरुमाँको अगुवाईमा सरसफाई भईरहेको थियो। यस बर्ष गुरुमां लगायत अन्य उपासक उपासिकाहरूको स्वास्थ्यको कारणले दशैं अगाडि गर्ने भनिएको सरसफाई कार्यक्रम गर्न सकिरहेको थिएन तर उक्त घटना घटेको खबर थाहा पाए पश्चात् जसरी पनि छिट्टै सरसफाई गरौं भन्ने हेतुले कालिञ्चोक भवगती गण, शसस्त्र प्रहरी बल चोभारगेट सुरक्षाकर्मीहरू, सुलक्षण कीर्ति विहारकी प्रमुख भिक्षुणी डा. अनोजा गुरुमां र उपासक उपासिकाहरू, मातापिता पुण्यस्मृति कोषका अध्यक्ष बसला दर्शनधारी लगायतका पदाधिकारीहरू, बिएल्आईए नेपालका सदस्यहरू, कीर्तिपुर च्यानलका पत्रकार माधब पौडेल, ललितराज महर्जन, रजिन महर्जन र बिक्रम के.सी. लगायतका व्यक्तिहरूको उपस्थितिमा कार्तिक २९ गते सोमवारका दिन सरसफाई कार्यक्रमको आयोजना गरिएको थियो।



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. ५/०७३/७४

**अधुवं मे जीवितं धुवं मे मरणं**

**(बाँचिरहन पाउनु ध्रुव सत्य होइन तर**
**एकदिन मरेर जानुपर्ने ध्रुव सत्य हो)**

*दिवंगत:*
वि.सं. १९९२
बैशाख १० गते



*जन्म:*
वि.सं. २०७२
चैत्र ६ गते

# दिवंगत तुईल माया अवाल

हाम्रा प्रातः स्मरणिय पूजनिय ममतामयी माता एवं विपश्यना ध्यान साधिका **तुईल माया अवाल** दिवंगत हुनुभएको दश महिना भएको पुण्य तिथिमा उहाँको गुणानुस्मरण गर्दै पुण्यानुमोदन गर्दैछौं। यसको साथै उहाँको सद्गति र निर्वाण कामना गर्दछौं।

निब्बाणस्स पच्चयो होतु !

प्रार्थी सुपुत्रहरू:

**राज कृष्ण अवाल, तेज कृष्ण अवाल, शिव कृष्ण अवाल, सुन्दर कृष्ण अवाल**

मध्यपुर थिमि नगर-४, नगदेश

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
**A BUDDHIST MONTHLY**



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

''भगवान् बुद्ध'' ठीक तरिकाले पूजा गर्ने विधि सिकाउनु हुँदै

वर्ष-३४; अङ्क-९

बु.सं. २५६०, मिला पुन्हि

Downloaded from http://www.dhamma.digital

# *आवरण चित्र परिचय*

# भगवान् बुद्धलाई गर्नुपर्ने ठीक तरिकाको पूजा

*लेखक-* **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद-* **वीर्यवती**

सिद्धार्थ गौतम सम्यक सुम्बुद्ध हुनु भएपछि उहाँका परिवारका धेरैजसो सदस्यहरू खुसी भए । मिथ्यादृष्टि (गलत तरिकाले बुझ्ने) हटी कल्याणी विपश्यना साधना गरी उनीहरूले अपार लाभ प्राप्त गरे । उनीहरू मध्ये कतिपयले अरहन्त अवस्था प्राप्त गर्न सफल भए । तर तिनीहरू मध्ये कोही यस्ता पनि थिए जो सिद्धार्थको यस महान उपलब्धिले असन्तुष्ट मात्र होइन एकदम रिसाएका पनि थिए । ती मध्ये पनि प्रमुख त यशोधराका पिता अर्थात् सिद्धार्थका ससुरो सुप्पबुद्ध जसले आफ्नो जीवनको अन्त्यसम्म पनि क्षमा प्राप्त गर्न सकेन । उसको मनले ज्योतिषहरूले भविष्यवाणी गरे जस्तै– "राजकुमार सिद्धार्थ गृहस्थी नै रही चक्रवर्ती सम्राट हुनेछ भनी आशा गरेको थियो ।"

यस्तो अमूल्य मौका सिद्धार्थ कुमारले गुमाउन पुग्यो भनी सोची सुप्पबुद्ध भगवान् बुद्ध देखि असन्तुष्ट बनी रिसाएका थिए ।

यसरी नै असन्तुष्ट भएका व्यक्तिहरू मध्ये एक सिद्धार्थका फुपूका छोरा तिस्स पनि थिए । जसले वर्षौं सम्म भगवान् बुद्ध र उहाँको शिक्षालाई विरोध गर्दै रहे । त्यसैले उसले वर्षौंसम्म बुद्ध शिक्षाको लाभबाट वञ्चित बनिरहे । बूढो भएपछि मात्र उसलाई होश आयो र थुप्रै व्यक्तिहरू बुद्ध शिक्षाबाट लाभान्वित भएको थाहा पाए । यस अमूल्य शिक्षा उसले मात्र किन प्राप्त नगर्ने भन्ने मनमा लाग्यो । यति सोची तिस्स भगवान् बुद्ध समक्ष गई प्रव्रजित भए । प्रव्रजित भइसकेपछि पनि उनको स्वभाव पहिला जस्तै उद्दण्ड नै रह्यो । "म सिद्धार्थको फुपूको छोरो, त्यसैले अन्य भिक्षुहरू भन्दा म विशेषता भएको व्यक्ति हुँ" भन्ने मनले सोच्दै उ महाश्रमणहरूको वीचमा बस्न जान्थ्यो । त्यसैले वास्तविकता थाहा नपाएका अन्य भिक्षुहरूले उसलाई तथागतको भाई हो र जेष्ठ भिक्षु होला भन्ने सोच्थ्यो । उसको उद्दण्ड स्वभाव देखी कोही पनि भिक्षुले उसंग यस विषयमा सोध्ने साहस पनि गरेन । आखिर एकदिन उसंग एक भिक्षुले उसको वर्ष सोधेछ । उसको वर्ष उ प्रव्रज्या भएको दिन देखि गनियो । उसको प्रव्रज्या वर्ष गनेर हेर्दा उ नयाँ भिक्षु भन्ने ठहरियो । तब उसलाई विनय नियम बताई आफ्नो प्रव्रजित वर्ष अनुसार आफ्नो उचित स्थानमा बस्ने आदेश दिइयो । यो कुरा सुनी उसलाई रीस उठ्यो । तर लाचार हुनुपऱ्यो । भगवान् बुद्धले पनि उसलाई विनय नियम बताउनु भयो । त्यसपछि मात्र उसलाई अलि प्रभाव पर्न थाल्यो ।

केही समय पश्चात् जब भगवान् बुद्ध भिक्षुसंघ सहित वैशालीमा रहनु भएको थियो, तब उहाँले अन्य भिक्षुहरूलाई भन्नुभयो–

"आजको दिनले ४ महिना पछि म परिनिर्वाण हुनेछु ।"

यो कुरा सुनी भिक्षुहरूलाई ज्यादै अपशोच र त्रासको अनुभव भयो । जुन भिक्षुहरू क्षीणाश्रवी थिए, उनीहरूमा धर्म संवेग जाग्न थाल्यो । जुन भिक्षुहरूको मनले ज्ञान प्राप्त गर्न सकेका थिएनन्, उनीहरू भगवान् बुद्ध समक्ष बसी आँखाबाट धर धर आँसु बगाउन थाले । तर भिक्षु तिस्सले यस समयमा यसरी सोच्न थाल्यो–

"भगवान् बुद्ध परिनिर्वाण हुन लाग्नु भएको छ, तर म अबसम्म राग र द्वेषबाट मुक्त हुन सकेको छुइन । उहाँ जीवित भएको अवस्थामा नै मैले अर्हत्त्व प्राप्त गर्नु पर्दछ । यति सोची उ एक्लै एकान्त स्थानमा रही विपश्यना ध्यान अभ्यास गर्न थाल्यो ।

उसले अन्य कोही पनि भिक्षुसंग सम्पर्क राखेन । भेट्न र कुराकानी गर्न बन्द गऱ्यो । यो देखी अन्य भिक्षुहरूले उसको पहिलाको उद्दण्ड स्वभाव सम्झँदै यसरी अनुमान लगाउन थाले–

"भिक्षु तिस्सलाई भगवान् बुद्ध प्रति कति पनि स्नेहभाव रहेनछ । किनभने भगवान् बुद्ध परिनिर्वाण हुन लाग्नुभएको खबरले उसलाई केही प्रभाव पारेन र मनमा दुःख र शोकको चिन्ह कति पनि देखिएन ।"

यति सोची कुनै भिक्षुले भगवान् बुद्ध समक्ष गई भिक्षु तिस्सको व्यवहार प्रति आलोचना गरी यस विषयमा चुकली लगाउन पुगे ।

त्यसैले भगवान् बुद्धले भिक्षु तिस्सलाई बोलाई यस विषयमा सोधपुछ गर्नुभयो । तब भिक्षु तिस्सले आफ्नो मनको सङ्कल्प बताए । यो सुनी भगवान् बुद्धले भिक्षु तिस्सलाई साधुकार दिनुहुँदै भन्नुभयो– "भिक्षु तिस्सको मनमा मप्रति सही स्नेह र श्रद्धा रहेको छ ।"

*(बाँकी अंश १६ पेजमा)*

Downloaded from http://www.dhamma.digital